# लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना

## (आ.व. २०८२/८३-२०८७/८८)

**महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय**

**२०८२**

# विषय सूची

**परिच्छेद – १ परिचय** ........ ४

१. पृष्ठभूमि ........ ४

२. नेपालको अन्तराष्ट्रिय दायित्व एवम् हालको नीतिगत तथा कानूनी व्यवस्था ........ ५

२.१ अन्तराष्ट्रिय दायित्व ........ ५

२.२ राष्ट्रिय नीति तथा कानूनी व्यवस्थाहरू ........ ७

२.३ लैङ्गिक हिंसा विरुद्ध विगतमा तर्जुमा भएका कार्ययोजनाहरू ........ ८

३. विगतका प्रयासको उपलब्धिको समीक्षा ........ १०

४. प्रमुख चुनौती तथा अवसर ........ १५

५. कार्ययोजनाको आवश्यकता ........ १५

६. कार्ययोजना तयारीको प्रक्रिया ........ १६

७. अवधि ........ १७

८. राष्ट्रिय कार्ययोजनाले अवलम्बन गरेका सैद्धान्तिक आधारहरू ........ १७

८.१ न्याय र समानताको अधिकार ........ १७

८.२ महिलाहरूको अधिकारको सम्मानः ........ १७

८.३ संरक्षणः ........ १७

८.४ मानव अधिकारको संरक्षणः ........ १७

८.५ अर्थपूर्ण सहभागिताः ........ १८

८.६ संयुक्त राष्ट्रसंघीय महासन्धि र राष्ट्रिय कानूनसँग सामन्जस्यताः ........ १८

८.७ अन्तर्राष्ट्रिय प्रचलन अनुसारको प्राथमिकता क्षेत्रः ........ १८

८.८ भइरहेका संरचनाको सुदृढीकरणः ........ १९

८.९ श्रोत विनियोजनमा निकायगत जिम्मेवारीः ........ १९

८.१० लैङ्गिक हिंसा र मानव बेचबिखन बीचको सम्बन्ध र यसको सम्बोधनः ........ २०

८.११ बहुक्षेत्रीय अवधारणावाट समस्याको समाधानः ........ २०

८.१२ प्रादेशिक तथा स्थानीय प्राथमिकताः ........ २०

**परिच्छेद –२ सोच, उद्देश्य र रणनीति** ........ **२१**

सोचः ........ २१

उद्धेश्यः ........ २१

रणनीतिः ........ २१

**परिच्छेद – ३ कार्ययोजना** ........ **२५**

**परिच्छेद – ४ कार्ययोजनाको कार्यान्वयन, अनुगमन, समन्वय र आर्थिक प्रवन्ध ............................. ७३**
१. कार्ययोजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ........................................................ ७३
१.१ संघीय कार्ययोजना कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिः ..................................... ७३
१.२ प्रदेश स्तरीय कार्ययोजना कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिः.............................. ७५
१.३ स्थानीय तहको कार्ययोजना कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिः .......................... ७६
२. आर्थिक प्रबन्ध.................................................................................................... ७७
**परिच्छेद — ५ लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना कार्यान्वयनको लागि...निकायहरूको भूमिका .....७८**

# परिच्छेद - १

## परिचय

### १. पृष्ठभूमि

नेपालको संविधानको धारा ३८ ले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशिताको सिद्धान्तको आधारमा सहभागी हुने हक सहितको मौलिक हकको प्रत्याभूत गरेको छ । साथै उक्त धाराले महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण हुन नहुने कुरालाई महिलाको मौलिक अधिकारको रुपमा व्यवस्था गर्दै त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक सुनिश्चित गरेको छ ।

संविधानमा भएको व्यवस्था अनुरुप नेपाल सरकारबाट कानूनी व्यवस्था मार्फत विभिन्न कुरीतिजन्य अभ्यासलाई दण्डनीय बनाइएको छ । तर व्यवहारमा नेपालमा पाँच महिला मध्ये एक महिला हिंसा पीडित तथा प्रभावित हुने गरेको २०७८ सालमा भएको नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणले देखाएको छ । उक्त सर्वेक्षणका अनुसार १५—४९ वर्ष उमेरका महिला तथा बालिकामध्ये २३ प्रतिशतले १५ वर्षको उमेर देखि नै शारीरिक हिंसा भोगेका छन् । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ ले सम्मानजनक प्रसूति सेवा प्रदान गर्नुपर्छ भने तापनि सोही सर्वेक्षणले प्रसूति भएका १५-४९ वर्ष उमेरका महिलाहरूमध्ये १४.४ प्रतिशत महिलाहरूले स्वास्थ्य सेवा प्रदायकहरूबाट सम्मानजनक व्यवहार नपाएको साथै ३.९ प्रतिशत महिलाहरूले शारीरिक दुर्व्यवहार र १३.८ प्रतिशत महिलाहरुले मौखिक दुर्व्यवहार भोगेको देखाएको छ ।त्यस्तै १५ देखि ४९ वर्ष उमेर समूहका १७ प्रतिशत महिलाले श्रीमान् वा यौन साथीबाट भावनात्मक, शारीरिक वा यौन हिंसा भोगेका छन् । ३५ प्रतिशत बालिकाहरूको १८ वर्ष उमेर नपुग्दै विवाह हुने र ५३.९ प्रतिशत किशोरीहरू २० वर्ष नपुग्दै विवाह बन्धनमा बाधिएको समेत सर्वेक्षणले देखाएको छ।

२० वर्ष मुनिका र ३५ वर्ष माथिका, कहिल्यै विद्यालय नगएका र कम पढेका, दलित र मधेशी, ग्रामिण क्षेत्रका महिलाहरूले समेत स्वास्थ्य सेवा प्रदायकबाट सम्मानजनक व्यवहार नपाएको र

दुर्व्यवहारबाट पीडित रहेको समेत सोही सर्वेक्षणले देखाएको छ । नेपाल प्रहरीमा दायर लैङ्गिक हिंसाका उजुरीको संख्यामा बढोत्तरी हुँदै गएको देखिन्छ । यी मुद्दाहरू मध्ये ८० प्रतिशत मुद्दाहरू घरेलु हिंसाको रहेको छ । अपाङ्गता भएका महिला तथा बालिकाहरू र लैङ्गिक अल्पसंख्यक व्यक्तिहरू अझ बढी हिंसाबाट पीडित रहेको तथ्याङ्कले देखाएको छ। तर माथि उल्लेख गरिएको सर्वेक्षणले आफ्नो जीवनकालमा शारीरिक वा यौन हिंसा भोगेका १५—४९ वर्ष उमेरका महिला तथा बालिकामध्ये जम्मा २८ प्रतिशत महिला र बालिकाले मात्र अन्य निकायको सहयोग प्राप्तिका लागि पहल गरेको देखिन्छ ।

नेपालको संविधानले हरेक महिलाको प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित गरेको भए तापनि यौनजन्य विषयमा, गर्भधारण गर्ने वा गर्भपतन गर्ने लगायतका विषयमा महिलाले निर्णय गर्न सक्ने अधिकार व्यवहारमा आउन सकेको छैन । यसकारण नेपालमा अत्याधिक अनिच्छित गर्भधारण र असुरक्षित गर्भपतन हुने गरेको देखिन्छ ।

नेपालको १० वर्षे सशस्त्र द्वन्द्वकालमा थुप्रै महिला तथा बालिकाहरू द्वन्द्वरत पक्षहरूबाट यौन हिंसामा परेको भए तापनि यौन हिंसाबाट पीडित महिला तथा बालिकाहरूको पहिचान, राहत र न्याय अझै पूर्ण रुपमा सुनिश्चित भएको अवस्था छैन । हिंसा पीडितहरूको संरक्षण, न्यायमा सहज र शीघ्र पहुँच र पुनर्स्थापनाको पर्याप्त प्रबन्ध गर्न सकिएको छैन । साथै महिलालाई स्वावलम्बी बनाउन सशक्तीकरणका कार्यक्रमहरूलाई विस्तार गरी प्रभावकारी बनाउन सकिएको छैन।

समग्रमा नेपालमा लैङ्गिक हिंसा रोकथाम र प्रतिकार्य सेवाको लागि नीतिगत तथा कानूनी प्रबन्ध गरिएका र सोको आधारमा विभिन्न कार्यक्रमहरू कार्यान्वयन हुँदै आएका छन् ।यसबाट लैङ्गिक हिंसा न्यूनीकरणमा महत्वपूर्ण योगदान पुगेको भएतापनि यसको निर्मूलन गर्न निरन्तर प्रयास आवश्यक छ र सोही प्रयोजनको लागि यो कार्ययोजना तर्जुमा गरिएको छ ।

## २. नेपालको अन्तराष्ट्रिय दायित्व एवम् हालको नीतिगत तथा कानूनी व्यवस्था

### २.१ अन्तराष्ट्रिय दायित्व

नेपाल पक्ष रहेको महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (Convention on the Elimination of All forms of Discrimination Against Women - CEDAW), १९७९ ले महिला तथा बालिकाहरूमाथि कुनै पनि किसिमको हिंसा र भेदभाव हुन नहुने र सारभूत समानता कायम

हुनपर्ने व्यवस्था गरेको छ । यस महासन्धि अन्तर्गत गठन भएको महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी समिति (Committee on the Elimination of Discrimination Against Women)ले सन् २०१८ मा नेपालका सन्दर्भमा दिएको निष्कर्ष टिप्पणी (Concluding Remarks) र संयुक्त राष्ट्रसंघको मानवअधिकार परिषद्ले सन् २०२० मा नेपालको लागि गरेको मानव अधिकारको विश्वव्यापी आवधिक पुनरावलोकनका क्रममा नेपाललाई लैङ्गिक हिंसा, शोषण र विभेद लगायत परम्परागत तथा हानिकारक अभ्यासहरूको अन्त्यका लागि गरेका सिफारिसहरू कार्यान्वयन गर्ने दायित्व रहेको छ ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी समितिले सन् २०१८ मा नेपाल सरकारलाई दिएको निष्कर्ष टिप्पणीमा ठोस लक्ष्य र स्रोतहरूको व्यवस्था गरी स्थानीय सरकार र नागरिक समाज समेतसँगको सहकार्यमा महिला हिंसालाई प्रश्रय दिने हानिकारक अभ्यासहरूका विरुद्ध रणनीति तथा कार्ययोजना तयार गर्न सिफारिस गरेको छ । सन् २०२० मा नेपालले पेश गरेको तेस्रो चक्रको प्रतिबेदन माथि मानव अधिकारको विश्वव्यापी आवधिक पुनरावलोकन (Universal Periodic Review Report (3rd Cycle) of Nepal submitted to Human Rights Council on 12 October 2020) का क्रममा महिला तथा बालिका विरुद्ध हुने हानिकारक अभ्यासहरू विरुद्ध कार्ययोजना बनाई कार्यान्वयन गर्न नेपाललाई सिफारिस प्राप्त भएको छ । संयुक्त राष्ट्रसंघ अन्तर्गत कार्यरत महिला विरुद्धको हिंसा सम्बन्धी विशेष प्रतिवेदक (Special Rapporteur on Violence Against Women) ले सन् २०१८ मा नेपालको भ्रमण गरी नेपाल सरकारलाई बुझाएको प्रतिवेदनमा नेपालमा महिला विरुद्धको हिंसा रोकथाम र प्रतिकार्य गर्न विभिन्न सिफारिसहरू गरिएको छ। ती सिफारिसहरू मध्ये समयसीमा, मापनयोग्य लक्ष्य र पर्याप्त श्रोत सहितको महिला विरुद्धको हिंसा सम्बन्धी राष्ट्रिय कार्ययोजना बनाउन र विद्यमान कानूनहरूको प्रभावकारी कार्यान्वयन संघ, प्रदेश र स्थानीय तहहरूले गर्न सिफारिस गरेको छ । यसको अलावा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी समिति (Committee on the Elimination of Discrimination Against Women)ले सन् २०२५ मा नेपालका सन्दर्भमा दिएको निष्कर्ष टिप्पणी (Concluding Remarks)मा लैङ्गिक हिंसा विरुद्ध बृहत्तर कानून (Comprehensive Legislation) को व्यबस्था गर्न र प्रविधि सृजित लैङ्गिक हिंसा (Technology Facilitated Violence) लाई सम्बोधन गर्न उपयुक्त कदम चाल्न सिफारिस गरेको छ ।

नेपाल लगायत १७९ राष्ट्रहरूले सन् १९९४ मा पारित गरेको जनसँख्या तथा विकासका लागि अन्तर्राष्ट्रिय सम्मेलनको कार्ययोजनाले महिला विरुद्धको हिंसा अन्त्य गर्नुपर्ने, महिला र पुरुषबीचको विभेद अन्त्य गर्न यथोचित कदम चाल्नुपर्ने र महिलाहरूको सशक्तीकरण गर्नुपर्ने दायित्व प्रत्येक देशको हुने भनी उल्लेख गरिएको छ । नेपालले सन् २००६ सेप्टेम्बर ५ (भाद्र २०,२०६३) मा अनुमोदन गरी “बेश्यावृत्तिको लागि महिला र बालबालिका बेचबिखन विरुद्धको सार्क महासन्धि, २००२ मार्फत नेपालले लैङ्गिक हिंसा लगायत मानव बेचबिखन विरुद्धमा प्रतिबद्धता जनाएको छ ।

संयुक्त राष्ट्रसंघले सन् २०१५ मा पारित गरेको दिगो विकास लक्ष्य अन्तर्गत ५ औं लक्ष्यले सन् २०३० सम्ममा महिला तथा बालिकाहरू माथि हुने विभेद अन्त्य गर्ने र निजी तथा सार्वजनिक क्षेत्रमा महिला तथा बालिकाहरू माथि हुने सबै किसिमका हिंसाहरू र हानिकारक अभ्यासहरूको अन्त्य गर्ने लक्ष्य राखेको छ । समग्र दीगो विकासको लक्ष्य र बिशेषतः पाँचौ लक्ष्यको कार्यान्वयनमा नेपालले प्रतिवद्धता समेत जनाएको स्थिति छ ।

नेपाल सरकारले मिति २०७७/०३/०२ मा लैंगिक हिंसा नियन्त्रणको दृष्टिकोणले समेत महत्वपूर्ण मानिएको “मानव बेचबिखन, खासगरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख” ( Protocol to Prevent, Suppress and Punish Trafficking in Persons Especially Women and Children (Palermo Protocol), 2000) पारित गरी यसमा उल्लेखित व्यवस्थाहरूको कार्यान्वयन गर्ने प्रतिवद्धता जनाएको छ ।

## २.२ राष्ट्रिय नीति तथा कानूनी व्यवस्थाहरू

लैङ्गिक हिंसा, विभेद, मानव बेचबिखन तथा ओसारपसार र बोक्सा बोक्सी, बालविवाह, छाउपडी, दाइजो तिलक लयायतका समाजमा विद्यमान कुप्रथा र कुरीतिलाई रोकथाम गर्न, ती विषयलाई कानूनी दायरामा ल्याउन र पीडितलाई उचित संरक्षण सहित न्यायमा पहुँच अभिवृद्धि गर्नका लागि तीनवटै तहका सरकारले विभिन्न नीति, ऐन, नियमहरू तर्जुमा गरी लागू गरेका छन् ।

### (क) सोह्रौं योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६)

नेपालको सोह्रौं योजनाले मानव बेचबिखन पीडित तथा प्रभावितहरूका लागि हाल संचालित १० वटा पुनर्स्थापना केन्द्रबाट बढाएर १५ वटा पुनर्स्थापना केन्द्र संचालन गर्ने लक्ष्य लिएको छ । योजनाले लैङ्गिक समानताको अधिकार सुनिश्चित गर्न सामाजिक सचेतना अभिवृद्धि गर्ने र हिंसामा परेका पीडित

तथा प्रभावितको उद्धार, राहत, संरक्षण, न्यायमा पहुँच समेतको सुनिश्चित गर्न बिभिन्न कार्यक्रमहरू उल्लेख गरेको छ ।

**(ख) राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७**

राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ ले लैङ्गिक भेदभाव, हिंसा र शोषणको अन्त्य गरी समानता र लैङ्गिक मूल्य मान्यतामा आधारित समाज स्थापित गर्ने उद्देश्य राख्दै निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायद्वारा सामाजिक मूल्य र मान्यतामा परिवर्तन गर्दै लैङ्गिक विभेदजन्य हिंसाको अन्त्य गर्ने रणनीति तय गरेको छ। सोही रणनीति कार्यान्वयनको लागि उक्त नीतिको कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ ।

**(ग) राष्ट्रिय कानूनी व्यवस्था**

लैङ्गिक हिंसा र कुरीतिजन्य अभ्यासहरू विरूद्ध विभिन्न कानूनहरू राष्ट्रियस्तरमा तर्जुमा भई कार्यान्वयनमा रहेका छन् । मुलुकी अपराध संहिता, २०७४; मुलुकी देवानी संहिता, २०७४; मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४; मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५; घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ ; घरेलु हिंसा (कसुर र सजाय) नियमावली, २०६७; लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७; कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ ; बोक्सीको आरोप (कसूर तथा सजाँय) ऐन, २०७२; अपराध पीडित संरक्षण ऐन, २०७५ आदि कानूनहरू कार्यान्वयनमा रहेका छन् ।

## २.३ लैङ्गिक हिंसा विरुद्ध विगतमा तर्जुमा भएका कार्ययोजनाहरू

**(क) लैङ्गिक हिंसा विरुद्ध राष्ट्रिय कार्ययोजना (आ.व. २०६६/६७)**

लैङ्गिक हिंसा विरुद्ध नयाँ सोच र फरक कार्यशैलीका साथ एकीकृत अभियानको थालनी गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०६६/०५/२६ मा आ. व २०६६/०६७ (सन् २०१०) लाई लैङ्गिक हिंसा विरुद्धको वर्ष घोषणा गरी एक वर्षको लागि राष्ट्रिय कार्ययोजना तयार गरी कार्यान्वयन भएको थियो । यस कार्ययोजनाले लैङ्गिक हिंसाको रोकथाम र प्रतिकार्यका लागि विभिन्न मन्त्रालयहरू, सरकारी तथा गैरसरकारी निकायहरू र साझेदार निकायहरूको जिम्मेवारी तोकी विभिन्न कार्यक्रमहरू सोही अनुसार सञ्चालन भएका थिए ।

**(ख) लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (आ.व. २०६९/७०-२०७३/७४)**

परिवर्तित समयसँगै हिंसाका स्वरुपहरू फरक हुँदै गएको र हिंसाजन्य अपराधलाई न्यूनीकरण गर्न प्रभावकारी कार्यक्रमहरू संचालन गर्न नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०६८/११/२२ को निर्णयानुसार लैङ्गिक हिंसाको अन्त्य तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (आ.व. २०६९/७०—२०७३/७४) स्वीकृत भई महिला हिंसाको अन्त्य तथा लैङ्गिक समानता, विकास र महिला सशक्तिकरणका क्षेत्रमा भएका उपलब्धिहरू समेट्दै लैङ्गिक हिंसा, विभेद र बन्चितीकरण निवारणका लागि ठोस तथा व्यावहारिक रणनीतिहरू र कार्यक्रमहरू कार्यान्वयन भएका थिए ।

**(ग) लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष, २०७६- वार्षिक कार्यान्वयन कार्ययोजना (आ.व. २०७६/७७)**

वि.सं २०७६ साललाई लैङ्गिक हिंसा विरुद्धको अभियान वर्षको रुपमा संघ, प्रदेश र स्थानीय तहले कार्यक्रम संचालन गरी मनाउने निर्णय भए बमोजिम संघीय संरचना अन्तर्गत तीन तहका सरकारका प्रतिवद्धता एवं संघसंस्था समेतको सहभागितामा वार्षिक कार्यान्वयन कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको थियो ।

**(घ) सान्दर्भिक अन्य राष्ट्रिय रणनीति तथा कार्ययोजनाहरू**

राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को कार्यान्वयन कार्ययोजना, २०८०;बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ ; बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना २०८२; मानव बेचविखन तथा ओसारपसार सम्बन्धी रणनीति तथा राष्ट्रिय कार्ययोजना, २०८२; महिला तथा बालिकाउपर हुने हिंसा अन्त्यका लागि पुरुष सहभागिता रणनीति, २०७५; राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना, २०७७; महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना (आ.व. २०७९/८०-२०८१/८२); मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.व. २०७७/७८-२०८१/८२) तथा विश्वव्यापी आवधिक पुनरावलोकन (तेश्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना (आ.व. २०७८-२०८२); विभेदपूर्ण लिङ्ग छनोट अन्त्यका लागि राष्ट्रिय रणनीति (आ.व. २०७८/७९-२०८८/८९); र स्वास्थ्य क्षेत्रको लैंङ्गिक समानता तथा

सामाजिक समावेशीकरण रणनीति,२०८०; राष्ट्रिय जनसंख्या नीति, २०८२ आदि समेत सान्दर्भिक दस्तावेजहरूको रुपमा रहेका छन् ।

## ३. विगतका प्रयासको उपलब्धिको समीक्षा

लैङ्गिक हिंसा विरुद्ध विगतमा तर्जुमा भएका कार्ययोजनाहरूको कार्यान्वयनका लागि सकारात्मक प्रयासहरू भएका छन् । लैङ्गिक हिंसा, विभेद र बालविवाह, छाउपडी लगायतका कुरीतिजन्य अभ्यासहरूको रोकथामका लागि संघ, प्रदेश र स्थानीय तहमा विभिन्न नीति तथा कार्यक्रमहरू तर्जुमा भई कार्यान्वयनमा आएका छन् । तीनवटै तहका सरकारले लैङ्गिक हिंसा र कुरीतिजन्य अभ्यासहरूको अन्त्यका लागि समुदायस्तरमा सचेतनामूलक कार्यक्रमहरूको सञ्चालन र सरोकारवालाहरूसँग संवाद र अन्तर्क्रिया कार्यक्रमहरू गर्दै आएका छन् ।

लैङ्गिक हिंसा प्रति शून्य सहनशीलताको नीति लिंदै संघीय सरकारले राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ लगायत विभिन्न कानूनहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ भने कतिपय प्रदेश तथा स्थानीय तहले लैङ्गिक हिंसा र कुरीतिजन्य अभ्यासहरूको अन्त्य गर्न विभिन्न नीति, रणनीतिहरू, निर्देशिकाहरू तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनको प्रयास गरेका छन् ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचार संहिता, २०७४ पारित गरी लागू गरेको छ । केही प्रदेश र स्थानीय तहले समेत कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बन्धी आचार संहिता तयार गरी लागू गरेका छन् । लैङ्गिक हिंसाबाट पीडित वा प्रभावितहरूको गोपनीयता कायम गरी आवश्यक स्वास्थ्य उपचार, मनोविमर्श, कानूनी सल्लाह र सहायता तथा सुरक्षा समेतका क्षेत्रमा सहयोग तथा सहजीकरण गर्न लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध कार्य सञ्चालन कार्यविधि (SOP), २०६८ तयार भई कार्यान्वयन भईरहेको छ । तथापि जिल्ला तहमा कार्यान्वयन गर्ने गरी तयार भएको यो कार्यविधि संघीय संरचनामा कार्यान्वयन योग्य हुने किसिमले परिमार्जन गर्न आवश्यक देखिन्छ ।

कतिपय प्रदेश तथा स्थानीय तहले लैङ्गिक हिंसा र कुरीतिजन्य अभ्यासहरूको अन्त्य गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशिता नीति, परम्परागत हानिकारक अभ्यासहरू अन्त्य गर्ने सम्बन्धी नीति, बालविवाह अन्त्य गर्ने सम्बन्धी नीति तथा सुरक्षित आवासगृह सञ्चालन तथा व्यवस्थापन

निर्देशिका जस्ता नीति तथा निर्देशिकाहरू तर्जुमा गरेका छन् ।यस्ता नीति, रणनिति तथा निर्देशिकाहरू सबै प्रदेश र स्थानीय तहहरूमा क्रमशः तर्जुमा भई कार्यान्वयन हुँदै जानु आवश्यक छ।

महिला, बालबालिका लगायत लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूमाथि हुने लैङ्गिक हिंसा विरुद्धमा पुरुष सहभागिता अपरिहार्य रहेकोले महिला तथा बालिकाउपर हुने हिंसा अन्त्यका लागि पुरुष सहभागिता रणनीति, २०७५ लाई परिमार्जन गरी लैङ्गिक हिंसा अन्त्यका लागि पुरुष सहभागिता रणनीति, २०८१ को मस्यौदा तयार भएको छ । लैङ्गिक हिंसा र कुरीतिजन्य व्यवहारहरूलाई पुरुषहरूको सहभागितामा सम्बोधन गर्न राष्ट्रिय र प्रदेशस्तरमा पुरुष नेतृत्व संजाल गठन भई विभिन्न कार्यक्रमहरू संचालन भएका छन् ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले हानिकारक प्रथा, परम्परा, कुरीति तथा सबै प्रकारका हिंसाको समस्यालाई सम्बोधन गर्ने प्रयास स्वरुप तीनवटै तहको सहयोग र समन्वयमा हिंसा र कुरीति विरुद्धका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । नेपाल प्रहरीले देशैभर समुदायस्तरमा लैङ्गिक हिंसा नियन्त्रण सञ्जालहरू गठन गरी कार्यक्रमहरू संचालन गर्दै आएको छ ।

लैङ्गिक हिंसा पीडित वा प्रभावितहरूलाई स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श लगायतका सेवाहरू एकीकृत रुपले प्रदान गर्न ७७ वटै जिल्लाहरूका ९७ वटा अस्पतालहरूमा अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना भई संचालनमा छन् । तर ती केन्द्रहरूमा पर्याप्त स्थानको अभाव, पूर्णकालीन जनशक्ति तथा आर्थिक श्रोत साधनको अभाव रहेको छ, जसका कारण प्रभावकारी सेवा प्रवाह हुन सकेको छैन ।

राष्ट्रिय महिला आयोगले हिंसा प्रभावित महिलाहरूको समस्यालाई सम्बोधन गर्न "खबर गरौं ११४५" हेल्पलाईन सेवा संचालन गर्दै आएको छ । नेपाल सरकारले नेपाल भर हालसम्म २१ वटा सुरक्षित आवासगृह, मानव बेचविखनका पीडितहरूका लागि १० वटा पुनर्स्थापना केन्द्रहरू र २ वटा दीर्घकालीन पुनर्स्थापना केन्द्रहरू निर्माण गरी संचालन गरिरहेको छ । संघ, प्रदेश र स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोषको स्थापना भई लैङ्गिक हिंसा पीडित वा प्रभावित व्यक्तिहरूलाई तत्काल उद्धार, राहत, औषधोपचार, कानूनी परामर्श, मनोविमर्श लगायतका सहयोगका लागि रकम उपलब्ध गराउने व्यवस्था गरिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ९५ वटा अस्पतालहरूमा सामाजिक सेवा एकाइ स्थापना गरी लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावित लगायत अपाङ्गता भएका

र गरिबीको रेखामुनि पर्ने व्यक्तिहरूलाई निशुल्क रुपमा स्वास्थ्य उपचार सेवा प्रदान गर्ने व्यवस्था गरेको छ । राष्ट्रिय महिला सशक्तीकरण कार्यक्रमले लैङ्गिक हिंसा पीडित तथा प्रभावित लगायत सीमान्तकृत वर्गका महिलाहरूलाई उद्यमशीलता विकास तालिम प्रदान गर्ने गरेको छ ।

लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूको न्यायमा पहुँच सुनिश्चित गर्न महान्यायाधिवक्ताको कार्यालयले ५८ वटा जिल्लाहरूका जिल्ला सरकारी वकिलको कार्यालयमा पीडितमैत्री कक्षको निर्माण गरी हिंसा पीडितहरूलाई सहजीकरण गर्न सम्पर्क व्यक्ति (Focal Person) तोकेको छ । जिल्ला कानूनी सहायता समिति र वैतनिक वकिलमार्फत लैङ्गिक हिंसा पीडितहरूका लागि निशुल्क कानूनी सहायता उपलब्ध हुने व्यवस्था रहेको छ । हाल नेपाल प्रहरी मातहत महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालयले करीव २४३ वटा प्रहरी कार्यालयहरू (जिल्ला, इलाका प्रहरी समेत) मा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरू स्थापना गरी लैंगिक हिंसा पीडितहरूलाई सेवा प्रदान गरिरहेको छ । नेपाल प्रहरी, नेपाली सेना र राष्ट्रिय न्यायिक प्रतिष्ठान लगायतका निकायहरूबाट सुरक्षाकर्मी तथा न्याय क्षेत्रमा कार्यरत कर्मचारीहरूका लागि लैङ्गिक हिंसा रोकथाम र प्रतिकार्य र पीडितमैत्री व्यवहारका सम्बन्धमा नियमित तालिमहरू प्रदान गरिएको छ । त्यस्तै नेपाल प्रहरीहरूलाई लैङ्गिक हिंसाका मुद्दाहरूमा प्रभावकारी अनुसन्धान र सेवा प्रवाहका बारेमा र सैनिकहरूलाई महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को प्रस्ताव नं १३२५ र १८२० बारेमा तालिम प्रदान गरिएको छ।

नेपाल प्रहरीले लैङ्गिक हिंसा तथ्याङ्क व्यवस्थापन प्रणालीको निर्माण गरी महिला तथा बालिकाहरू विरुद्ध हुने हिंसाका उजुरीहरूको राष्ट्रियस्तरमा तथ्याङ्क राख्ने गरेको छ । महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले विद्युतीय संचारमा आधारित सामाजिक सूचना व्यवस्थापन प्रणाली (Social Information Management System - SIMS) निर्माण गरी लैङ्गिक हिंसा, मानव बेचविखन लगायतका ११ वटा विषयहरू समेट्ने गरी ७५३ वटा स्थानीय तहबाट चौमासिक रुपमा तथ्याङ्क संकलन गर्ने कार्यको थालनी गरेको छ। नीति तथा कार्यक्रमहरू तर्जुमा गर्दा तथ्याङ्कमा आधारित हुनुपर्ने मान्यता रहेको भएतापनि नेपालमा लैङ्गिक अवस्था प्रष्टयाउने खण्डीकृत तथ्याङ्कको अझै अभाव रहेको छ । संघ, प्रदेश र स्थानीय तहका विभिन्न निकायहरूबाट लैङ्गिक हिंसा र कुरीतिजन्य अभ्यासबाट प्रभावित व्यक्तिहरूलाई प्रदान गर्ने गरिएको सेवाको बारेमा राष्ट्रियस्तरमा एकीकृत रुपले तथ्याङ्क राख्ने र प्रतिवेदन तयार गर्ने प्रभावकारी प्रणालीको विकास गर्न सकिएको छैन।

विपद्को समयमा परिवारहरू छिन्नभिन्न हुने, सामुदायिक संरक्षण प्रणाली र शान्ति सुरक्षाको स्थिति कमजोर हुने कारणले गर्दा महिला, किशोरी र बालबालिकाहरू विशेषगरी यौन शोषण, दुर्व्यवहार र बेचविखनको जोखिममा पर्ने हुँदा लैङ्गिक हिंसा रोकथाम गरी उनीहरूको संरक्षणका लागि महिला-मैत्रीस्थल स्थापना गरी एकीकृत रुपमा सेवाहरू प्रदान गर्न आवश्यक भएकोले नेपाल सरकारले विपद्को अवस्थामा महिला-मैत्रीस्थल स्थापना र संचालन निर्देशिका,२०७६ जारी गरी कार्यान्वयनमा ल्याएको छ।

लैङ्गिक हिंसा पीडित वा प्रभावित व्यक्तिहरूलाई तत्काल उद्धार, राहत, औषधोपचार, कानूनी परामर्श, मनोविमर्श लगायतका सहयोगका लागि संघ, प्रदेश र स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोष गठन गरिएको भए तापनि यो कोष बारे जानकारी र कोष मार्फत प्राप्त हुन सक्ने सहयोग प्राप्तिको प्रक्रियाका बारेमा हिंसा पीडित तथा प्रभावित लगायत अन्य सरोकारवाला व्यक्तिहरूलाई अवगत नहुँदा धेरै हिंसा पीडितहरूको पहुँचमा यो रहेको अवस्था छैन । तसर्थ ती कोषहरूले प्रभावकारी रुपमा सेवा दिन सकेका छैनन् । संघीय तहमा मात्र स्थापना गरिएका राहत र क्षतिपूर्ति सम्बन्धी कोषहरूले प्रदेश तथा स्थानीय तहमा कार्य गर्न सकिरहेका छैनन् ।

सूचना प्रविधिको बढ्दो प्रयोगसँगै साइवर सुरक्षा चुनौतीपूर्ण भएको र साइवर अपराध मौलाएको छ। साइवर अपराधका अधिकांश घटनाहरूमा महिला तथा किशोरीहरू पीडित र प्रभावित भएको पाइन्छ। साइवर सुरक्षाको लागि राष्ट्रिय साईवर सुरक्षा नीति, २०८० र विद्युतीय (ईलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ ले केही कानूनी प्रावधान गरेको भएतापनि सूचना तथा प्रविधिको बढ्दो विस्तारसँगै यस क्षेत्रको नियमन गर्न, सुरक्षित र उत्थानशील साइवर स्पेशको निर्माण, डाटा संरक्षण र साइवर अपराधलाई सम्बोधन गर्न छुट्टै कानून निर्माण गर्न आवश्यक रहेको छ । साथै साइवर अपराध र सूचना प्रविधिको प्रयोग गर्दा साइवर सुरक्षाका उपायहरूका बारेमा बालिका, किशोरी, महिला लगायत सबैमा सचेतना जगाउन आवश्यक देखिन्छ।

लैङ्गिक हिंसाको चरम रुपमा रहेको मानव बेचबिखन तथा ओसारपसारको विरुद्ध नेपाल सरकार तथा गैरसरकारी संस्थाहरूबाट बिभिन्न प्रयासहरू भैरहेका छन् । नेपालले अनुमोदन गरेको “मानव बेचबिखन, खासगरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख” (Protocol to Prevent, Suppress and Punish

Trafficking in Persons Especially Women and Children (पालेर्मो प्रोटोकल, 2000) को कार्यान्वयनका लागि यसका प्रावधानहरू अनुकूल हुनेगरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४; श्रम ऐन,२०७४; वैदेशिक रोजगार ऐन,२०६४; बालश्रम (निषेध र नियमित) गर्ने ऐन, २०५६;, अध्यागमन ऐन,२०४९ लाई परिमार्जन गर्न आवश्यक छ । यसका साथै पीडित तथा प्रभावितलाई संरक्षण तथा सुरक्षाका लागि आवश्यकता अनुसार नयाँ संयन्त्रहरूको निर्माण तथा विद्यमान कानुनहरूद्वारा व्यवस्थित संयन्त्रहरूको सुदृढीकरण, वैदेशिक रोजगारीका लागि जाने मुलुकहरूबीच द्विपक्षीय तथा बहुपक्षीय सम्झौता, रोकथामका कार्यक्रमहरूको तर्जुमा, सरोकारवालाहरूको क्षमता अभिवृद्धि, संघसंस्था तथा नागरिक समाजसँग सहकार्य आदिमा थप प्रयासको आवश्यकता छ।

विद्यमान मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा रहेको मानव बेचबिखनको संकुचित परिभाषालाई फराकिलो पार्दै वैदेशिक रोजगारी, विदेशीसँगको विवाह लगायतका अवस्थामा हुने गरेको फरक स्वरुपका मानव तस्करीका विषयलाई समेत यस ऐनले समेट्न जरुरी देखिन्छ । यसै आवश्यकतालाई आत्मसात गर्दै विद्यमान मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ परिमार्जन गर्ने प्रयोजनको लागि बिघटित प्रतिनिधि सभामा टेवुल गरिएकोमा नयाँ प्रतिनिधि सभा गठन भएपश्चात यो प्रक्रिया शीघ्र अगाडि बढाउनुपर्ने आवश्यकता छ ।

समग्रमा लैङ्गिक हिंसा र कुरीतिजन्य अभ्यासहरूको रोकथामका लागि तीन तहका सरकार लगायत विभिन्न निकायहरूबाट विभिन्न सचेतनामुलक र अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन हुँदै आएको भएतापनि नेपाली समाजमा जरा गाडेर बसेको पितृसत्तात्मक सोच र कतिपय सामाजिक मूल्य मान्यताका गलत अभ्यास र अपव्याख्याका कारण लैङ्गिक हिंसा, विभेद र कुरीतिजन्य अभ्यासहरू कायमै रहेको छ। माथि उल्लेख भएझैं नीतिगत तथा कानूनी प्रबन्ध एवम् कार्यक्रमिक व्यबस्थाबाट लैङ्गिक हिंसाजन्य कार्यलाई सम्बोधन गर्ने प्रयासमा महत्वपूर्ण योगदान पुगेको छ । तथापि ती प्रयासहरू पर्याप्त छैनन् । हालसम्म प्राप्त उपलब्धिको जगेर्ना एवं तिनको गुणात्मक र परिमाणात्मक पक्षमा सुधार सहित भविष्यमा थप कार्य गर्नुपर्ने आवश्यकता महसुस गरी प्रस्तुत कार्ययोजना तर्जुमा गरिएको छ।

## ४. प्रमुख चुनौती तथा अवसर

लैङ्गिक हिंसाको न्यूनिकरणमा बिभिन्न नीतिगत, कानूनी र कार्यक्रमगत प्रयासका बाबजूद यो क्षेत्रमा निम्न चुनौती र अवसरहरू रहेका छन् ।

### चुनौती

सामाजिक संरचना र सोच परिवर्तन गर्नु; हानिकारक कुरीति र कुप्रथाको अन्त्य गर्नु; संघ प्रदेश र स्थानीय तहमा लैङ्गिक सवाललाई आन्तरिकीकरण र संस्थागत गर्नु; महिलाको प्राकृतिक, व्यवसायिक एवं सामाजिक भुमिकालाई सन्तुलन गर्नु; सम्पत्तिमाथि महिलाको पहूँच स्थापित गर्नु; आर्थिक सशक्तिकरण मार्फत समग्र महिलाको जीवनस्तरमा सुधार ल्याउनु; महिला माथि हुने सबैकिसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु; हिंसा पीडितहरुको संरक्षण, न्यायमा सहज र शीघ्र पहुँच एवं पुनर्स्थापनाको पर्याप्त प्रबन्ध गर्नु; एकद्धार संकट व्यवस्थापन केन्द्रको सेवालाई प्रभावकारी बनाउनु; लैङ्गिक हिंसालाई सम्बोधन गर्ने संयन्त्रमा पीडित केन्द्रित सेवा सुनिश्चित गर्नु; नीति तथा कार्यक्रमहरू तर्जुमा गर्दा तथ्यांकमा आधारित हुनुपर्ने मान्यता कार्यान्वयनका लागि लैङ्गिक खण्डीकृत एवं एकीकृत तथ्यांक व्यवस्थापन गर्नु; सूचना प्रविधको बढ्दो प्रयोगसँगै सूचना प्रविधिजन्य यौन हिंसालाई न्यूनिकरण गर्नु; र लैङ्गिक उत्तरदायी शासन व्यवस्थाको विकास मार्फत महिला तथा किशोरीमाथि हुने सबै किसिमका विभेद हटाई लैङ्गिक समानता सहित सामाजिक रुपान्तरण गर्नु यस क्षेत्रका चुनौतीहरू हुन् ।

### अवसर

नेपालको संविधानले समानताको हक सुनिश्चित गर्नु, लैङ्गिक-मैत्री संविधान तथा ऐन-कानुनहरू निर्माण गर्नु, राज्यका तीनवटै तहमा महिलाको राजनैतिक सहभागिता उत्साहजनक रहनु, लैङ्गिक उत्तरदायी बजेट प्रणाली क्रमशः संस्थागत हुने क्रममा रहनु, विद्यालय शिक्षामा लैङ्गिक समदर कायम हुनु, समाजको मुल्य-मान्यता र व्यवहारमा क्रमशः सकरात्मक परिवर्तन हुदैं आउनु यस क्षेत्रका अवसर हुन् ।

## ५. कार्ययोजनाको आवश्यकता

नेपालको अन्तर्राष्ट्रिय दायित्व, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) समितिबाट प्राप्त निष्कर्ष मन्तव्य, मानव अधिकारको विश्वव्यापी आवधिक

पुनरावलोकनका क्रममा प्राप्त सुझावहरू र संयुक्त राष्ट्रसंघ अन्तर्गत कार्यरत महिला विरुद्धको हिंसा सम्बन्धी विशेष प्रतिवेदक (Special Rapporteur on Violence Against Women) ले सन् २०१८ मा गरेका सिफारिसहरूको कार्यान्वयनका लागि एकीकृत प्रयास हुन सहयोग पुगोस् भन्ने अभिप्रायले यो कार्ययोजना तर्जुमा भएको छ। यसको अलावा १६औं योजना तथा दिगो विकास लक्ष्यको प्राप्तिमा समेत योजनाबद्ध प्रयास गरी हाल नेपाली समाजमा विद्यमान लैंगिक हिंसाको समस्यालाई योजनाबद्ध रुपमा सम्बोधन गर्न समेत कार्ययोजना आवश्यक भएको हो ।

## ६. कार्ययोजना तयारीको प्रक्रिया

लैङ्गिक हिंसा विरुद्ध राष्ट्रिय कार्ययोजना (आ.व. २०८२/८३ - आ.व. २०८६/८७) को मस्यौदा तयार गर्न संघ, प्रदेश र स्थानीय सरकारहरूबाट लैङ्गिक हिंसा अन्त्य गर्ने सन्दर्भमा तर्जुमा गरिएका नीति तथा कार्यान्वयन भैरहेका कार्यक्रमहरूबारेका सूचना सङ्कलन गरी तिनलाई आधारको रुपमा लिईएको छ । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने समितिले सन् २०१८ मा नेपालका सन्दर्भमा दिएको टिप्पणी प्रतिवेदन, संयुक्त राष्ट्रसंघ अन्तर्गत महिला विरुद्धको हिंसा सम्बन्धी विशेष प्रतिवेदक (Special Rapporteur on Violence against Women) ले सन् २०१८ मा नेपालको भ्रमण गरी नेपाल सरकारलाई बुझाएको प्रतिवेदन र संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषद्ले सन् २०२० मा नेपालको लागि गरेको मानव अधिकारको विश्वव्यापी आवधिक पुनरावलोकनका क्रममा नेपाललाई लैङ्गिक हिंसा, शोषण र विभेद अन्त्यका लागि दिएका विभिन्न सिफारिसहरू समेतको आधारमा कार्ययोजनामा रणनीतिहरू र कार्यक्रमहरू समेटिएका छन् । कार्ययोजना तयार गर्न विगतमा नेपाल सरकारबाट तयार गरिएका कार्ययोजनाहरू - मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (२०७७/७८-२०८१/८२), लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (आ.व. २०६९/७० – २०७३/७४), र लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ र बार्षिक कार्यान्वयन कार्ययोजना आ.व. २०६६/६७ लाई आधार लिइएको छ। संघ, प्रदेश र स्थानीय सरकार लगायत विभिन्न सरोकारवाला निकायहरूसँगको छलफल र परामर्शबाट प्राप्त तथ्य, तथ्याङ्क, सूचनाहरू र सुझावहरूलाई समेटिएको छ । बिशेषतःप्रदेशस्तरमा गरिएको विस्तृत अन्तरक्रियाबाट प्राप्त सुझावहरूलाई कार्ययोजना तर्जुमा गर्ने क्रममा महत्वपूर्ण आधारको रुपमा लिईएको छ।

यस राष्ट्रिय कार्ययोजनामा विगत देखिनै सरकारबाट भईरहेका प्रयासहरूलाई संस्थागत गर्ने, राम्रा अभ्यासहरूलाई निरन्तरता दिने र अन्तर्राष्ट्रिय मानव अधिकारसंग सम्बन्धित निकायहरूबाट प्राप्त सुझावहरूको कार्यान्वयन गर्ने नैतिक जिम्मेवारीअन्तर्गत कार्यान्वयन गर्नुपर्ने कार्यहरू समेटिएको छ।

**७. अवधि**

यो कार्ययोजनाको अवधि आ.व. २०८२/८३ देखि प्रारम्भ भई २०८६/२०८७ सम्म पाँच वर्षको हुनेछ ।

## ८. राष्ट्रिय कार्ययोजनाले अवलम्बन गरेका सैद्धान्तिक आधारहरू

समग्रमा यस कार्ययोजनाले निम्न सैद्धान्तिक आधारहरू अवलम्बन गर्दै सोच, उद्देश्य, रणनीति र कार्यक्रमहरू तय गरेको छ ।

**८.१ न्याय र समानताको अधिकार:** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको भावनालाई आत्मसात गर्दै लिङ्ग, धर्म, उमेर, जातीयता, सामाजिक-आर्थिक स्तर, क्षमता, वर्ण, क्षेत्र,वैवाहिक स्थिति र संस्कृतिको आधारमा विविधताको सम्मान सहित प्रत्येक नागरिक र महिलालाई संविधान र राज्यका अन्य कानूनले प्रत्याभूत गरे अनुसार भेदभाव विनाको न्याय र समानताको अधिकार हुने ।

**८.२ महिलाहरूको अधिकारको सम्मान:** महिलाहरूसँग सम्बन्धित सरोकारका विषयहरू संयुक्त राष्ट्र संघको महिला विरुद्धको सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धिले निर्दिष्ट गरेको महिला अधिकारहरूलाई सम्मान र संरक्षण गर्ने सिद्धान्तहरूद्वारा निर्देशित भइ जोखिममा रहेका र प्रभावित महिलाहरूका लागि अल्पकालीन,मध्यमकालीन र दीर्घकालीन समाधानका उपायहरू अपनाउने ।

**८.३ संरक्षण:** बाल विवाह, बेचविखन तथा ओसारपसार, बाँधा बनाउने, अन्य हानिकारक अभ्यास लगायत सबै प्रकारका दुर्व्यवहार, हिंसा तथा शोषणबाट बालबालिका, किशोरी तथा महिलाहरूको संरक्षण गर्ने ।

**८.४ मानव अधिकारको संरक्षण:** लैंगिक असमानता समेतको कारणले सृजित लैंगिक हिंसा बिशेषतः महिला, बालबालिका र किशोरीहरूको मानव अधिकारको गम्भीर उल्लंघन र प्रजातन्त्रिक मूल्य र मान्यताबाट विचलन भएको पृष्ठभूमिमा सन्निकट दिगो विकासको लक्ष्य प्राप्तिमा समेत सहयोगी हुने तथा अधिकारमुखी अवधारणाका साथ हस्तक्षेपकारी कार्यक्रमहरू कार्यान्वयनमा ल्याउने ।

**८.५ अर्थपूर्ण सहभागिता:** महिलाहरूसँग सरोकारका सबै विषयमा उनीहरूको कुरा सुन्ने र आफ्नो बिचार अभिव्यक्त गर्ने अवसर दिनुपर्ने सन्दर्भमा गैर सरकारी संस्थाहरू, समुदायमा आधारित संस्थाहरू, पीडित तथा प्रभावितहरूको सहभागितामा लैंगिक हिंसा विरुद्धको नीति, रणनीति, योजना र कार्यक्रमहरूको तर्जुमा गर्ने र कार्यान्वयनको अनुगमन गर्ने परिपाटी अवलम्बन गर्ने ।

**८.६ संयुक्त राष्ट्रसंघीय महासन्धि र राष्ट्रिय कानूनसँग सामन्जस्यता:** महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW)लाई नेपालले सन् १९९१ अप्रिल २२ मा अनुमोदन गरेको थियो र नियमित रुपमा यस सम्बन्धमा भएको प्रतिवेदन तयार गरी सिड समितिमा पेश गर्दै आएको छ । उक्त महासन्धी, नेपालको संविधान र विद्यमान सम्बद्ध कानुनहरूको कार्यान्वयनमा सघाउ पुर्‍याउने दृष्टिकोणवाट लैङ्गिक हिंसाको समस्याको सम्बोधन गर्ने ।

**८.७ अन्तर्राष्ट्रिय प्रचलन अनुसारको प्राथमिकता क्षेत्र:** महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW), राष्ट्रिय लैंगिक समानता नीति,२०७७ र सम्बद्ध कानून तथा अन्तर्राष्ट्रिय संरचना बिशेषतः सिड कमिटी र विगतको यस सम्बन्धी प्रयासबाट प्राप्त उपलब्धि समेतको आधारमा यस कार्ययोजनामा निरोध (Prevention), संरक्षण (Protection) र कानूनी कारवाही (Prosecution) लाई मुख्य विषयगत क्षेत्र तोकी प्राथमिकता निर्धारण गरिएको छ । सरोकारवाला निकाय तथा संस्थाहरूको आपसी समन्वय र सहकार्य तथा सबै सरोकारवाला निकायहरूको क्षमता विकासले पनि त्यत्तिकै महत्व राख्ने विषयलाई यस कार्ययोजनामा महत्व दिइएको छ । यसै पृष्ठभूमिमा लैङ्गिक हिंसा विरुद्धको नीतिगत तथा कार्यक्रमगत प्रयासमा कार्ययोजनामा निम्न विषयगत क्षेत्रहरूलाई प्राथमिकता दिने ।

- **निरोध (Prevention):** सरकारी क्षेत्र, निजी क्षेत्र र नागरिक समाजको सहकार्यमा लैङ्गिक हिंसा विरुद्ध सचेतना अभिवृद्धिका लागि शिक्षा, पैरवी तथा सञ्चार माध्यमका अभियानहरूलाई प्रर्वद्धन गर्ने ।
- **संरक्षण (Protection):** लैङ्गिक हिंसावाट पीडित तथा प्रभावितहरू र मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरूको संरक्षण र सहयोगका लागि स्थापना भएका संयन्त्रहरूद्वारा उनीहरूको मानव अधिकारको सम्मान गर्दै एकीकृत र प्रभावकारी सेवा प्रवाहको सुनिश्चिता गर्ने ।

- **कानूनी कारवाही (Prosecution):** लैङ्गिक हिंसा नियन्त्रणका लागि विद्यमान कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने, आवश्यकता अनुसार थप कानूनी प्रवन्ध गर्ने, र फौजदारी न्याय प्रणाली तथा उपयुक्त कानूनी संरचनाको माध्यमबाट दण्डहीनताको अन्त्य गरी पीडित तथा प्रभावितलाई न्यायमा पहुँच दिलाउने ।
- **क्षमता विकास (Capacity building):** लैङ्गिक हिंसाको नियन्त्रणको लागि सरकारको तीन तहमा स्थापित राज्य संयन्त्र, गैर सरकारी संस्था, तथा नागरिक समाज लगायत सेवा प्रदायकहरू एवं सञ्जालहरूको क्षमता अभिवृद्धि गर्ने ।
- **समन्वय, सहयोग र सहकार्य (Coordination, Cooperation and Collaboration):** लैङ्गिक हिंसा विरूद्ध अन्तर्राष्ट्रिय तथा क्षेत्रीय प्रतिवद्धताहरू अनुरूप साझा सवालहरूमा बहुपक्षीय र द्विपक्षीय सहयोग अभिवृद्धि गर्ने र सरकारी, गैर सरकारी, निजी क्षेत्र, नागरिक समाज लगायत सबै सरोकारवालाहरू तथा विकास साझेदारहरूबीच समन्वय, सहयोग र सहकार्यलाई बढावा दिने ।

**८.८ भइरहेका संरचनाको सुदृढीकरण:** कानूनी शासनको अवधारणामा हिंसा नियन्त्रण गरी मानव अधिकारको सुनिश्चित गर्दै सुशासनको व्यवस्थापन र सेवा प्रवाह गर्नका लागि संघीय तह देखि स्थानीय तहसम्म नेपाल सरकारका संरचनाहरूका अतिरिक्त संघ, प्रदेश र स्थानीय तहमा विभिन्न समितिहरू गठन गरिएका र ती क्रियाशील रहेको अवस्था छ । कुनै पनि प्रकारको हिंसा विरूद्ध महिला तथा बालबालिकाको हेरचाह र संरक्षणका लागि राज्यद्वारा प्रवाह गरिने सेवा कार्यको प्रकृतिले सामाजिक कार्यमा सीप र दक्षता प्राप्त व्यक्तिहरूको पूर्णकालीन सेवा माग गर्दछ । यो कार्ययोजनाको सफल कार्यान्वयनका लागि नयाँ संरचना वा समितिको निर्माण गर्नु भन्दा संघ, प्रदेश र स्थानीय तहका सम्बद्ध मन्त्रालय/महाशाखा, राष्ट्रिय बाल अधिकार परिषद् ,स्थानीय तहमा समग्र महिलाको विषयमा सम्पर्क बिन्दूको रुपमा तोकिएको जिल्ला समन्वय समिति, जिल्ला स्थित राष्ट्रिय बाल अधिकार परिषद् तथा सम्बद्ध अन्य कार्यालयहरूको क्षमता विकास गरी व्यावसायिक दक्षता प्राप्त प्रभावकारी क्षेत्रगत निकाय र संयन्त्रको रूपमा विकास गर्ने अवधारणको अवलम्बन गर्ने ।

**८.९ श्रोत विनियोजनमा निकायगत जिम्मेवारीः** कार्ययोजनालाई तीनै तहमा कार्यान्वयन गर्ने बिभिन्न सरोकारवाला सबैले आ-आफ्नो क्षेत्रगत (sectoral) नीति तथा कार्यक्रममा आ-आफ्नो जिम्मेवारीमा रहेका कार्यक्रमहरूको कार्यान्वयनलाई बजेट सहित प्रविष्ट गराउन जरूरी छ । यो बहुक्षेत्रगत

निकायहरूको साझा विषय भएकाले सबैको सहयोग र सहकार्य विना यसको कार्यान्वयन सम्भव छैन। त्यसैले यो कार्ययोजनाले तयार गरेको मार्गचित्र अनुसार सरोकारवाला निकाय तथा संस्थाहरूले आ-आफ्नो क्षेत्रगत (Sectoral) नीति तथा कार्यक्रममा यो विषयलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने ।

**८.१० लैङ्गिक हिंसा र मानव बेचबिखन बीचको सम्बन्ध र यसको सम्बोधन:** लैङ्गिकतामा आधारित हिंसा विशेष गरी घरेलु हिंसा र मानव बेचबिखनका घटनाहरू बीच कारक तथा प्रभावको सम्बन्ध (cause and effect relationship) रही आएको छ । लैङ्गिकतामा आधारित हिंसा र घरेलु हिंसा नियन्त्रण नभएसम्म मानव बेचबिखनका घटना तथा वारदातहरूमा कमी आउने छैन भन्ने मान्यता कार्ययोजनाले राखेको छ। नेपाल सरकारले कार्यान्वयनमा ल्याएको मानव बेचविखन तथा ओसारपसार विरूद्ध को नीति तथा कार्ययोजनासंग अन्योन्याश्रित सम्बन्ध राख्दै अघि बढ्ने विषयलाई उच्च प्राथमिकता दिने ।

**८.११ बहुक्षेत्रीय अवधारणावाट समस्याको समाधानः** लैङ्गिक हिंसा एक बहुआयामिक, अन्तर विविधतायुक्त र बहुपक्षीय विषय भएकाले यो समस्याको समाधानको लागि लैङ्गिक समानता सुनश्चित गर्न जिम्मेवार सबै सरकारी निकायहरू, समुदाय, नागरिक र युवाहरू (Men and Boys) को सक्रिय सहयोग र सहभागितामा पीडित तथा प्रभावितहरूलाई केन्द्रमा राखी उनीहरूको सुरक्षा (safety), गोपनियता (Confidentiality), अबिभेद (non-discrimination) र आत्म सम्मान (Self-Dignity) प्रदान गर्नुपर्ने कुरालाई सर्वोपरी स्थान दिने ।

**८.१२ प्रादेशिक तथा स्थानीय प्राथमिकताः** लैङ्गिक हिंसालाई सम्बोधन गर्न प्रदेश सरकार र स्थानीय तहहरूको महत्वपूर्ण योगदानलाई उच्च प्राथमिकता दिँदै लैङ्गिक हिंसा विरुद्धको कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनमा ती निकायहरूको भूमिकालाई अझ सवल बनाउने ।

# परिच्छेद -२

## सोच, उद्देश्य र रणनीति

**सोचः**

लैङ्गिकतामा आधारित सबै प्रकारका हिंसा, शोषण र भेदभावमुक्त समाज ।

**उद्धेश्यः**

१. सबै प्रकारका लैङ्गिक हिंसा तथा परम्परागत हानिकारक अभ्यासहरूको अन्त्य गर्न निरोधात्मक उपायहरूको अवलम्बन गर्नु ।

२. लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूको उद्धार, राहतको व्यवस्था, संरक्षण, तथा पुनर्स्थापना सुनिश्चित गर्नु ।

३. लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूको लागि न्यायमा पहुँच सुनिश्चित गर्नु ।

४. लैङ्गिक हिंसा तथा परम्परागत हानिकारक अभ्यासहरूको रोकथाम र प्रतिकार्यको लागि अन्तरतह र अन्तरपक्षीय समन्वय, सहकार्य र साझेदारीलाई प्रभावकारी बनाउनु ।

५. लैङ्गिक हिंसा र परम्परागत हानिकारक अभ्यासहरू सम्बोधन गर्न तहगत संयन्त्रहरूको सुदृढीकरण गर्नु ।

६. प्राकृतिक तथा मानवीय विपद् तथा महामारीको अवस्थामा लैङ्गिक हिंसा नियन्त्रणका लागि प्रतिकार्य सुनिश्चित गर्नु ।

**रणनीतिः**

**उद्देश्य नं १ संग सम्बन्धितः**

१.१ महिला (ज्येष्ठ नागरिक महिला समेत), अपाङ्गता भएका व्यक्तिहरू, यौनकर्मी, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा दलित समूदायका व्यक्तिहरूमाथि हुने सबै किसिमका लैङ्गिक हिंसा र विभेद लगायत समाजमा विद्यमान हानिकारक अभ्यासहरूको रोकथाम गर्न समुदायस्तरमा सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।

१.२ सीमान्तकृत वर्गका व्यक्तिहरू माथि हुने लैङ्गिक हिंसा रोकथाम गर्न विशेष व्यवस्था गर्ने ।

१.३ लैङ्गिक हिंसा र कुरीतिजन्य अभ्यासहरू विरुद्धको अभियानमा बालबालिका, किशोर तथा वयस्क पुरुषहरूको सहभागिता अभिवृद्धि गर्ने ।

१.४ यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि गर्ने ।

**उद्देश्य २ संग सम्बन्धित:**

२.१ लैङ्गिक हिंसामा परेका महिला, किशोर, किशोरी तथा बालबालिकाको आपत्कालीन उद्धारको व्यवस्था गर्ने ।

२.२ लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरूका लागि मनोसामाजिक तथा प्रेषण सेवा लगायतका स्वास्थ्य सेवा सुनिश्चित गर्ने ।

२.३ लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूका लागि आवश्यक सेवा सहित पर्याप्त संख्यामा सुरक्षित आवास गृह संचालन गर्ने ।

२.४ सीप विकास तालिम मार्फत लैङ्गिक हिंसाका पीडित तथा प्रभावितहरूको क्षमता विकास गरी स्वाबलम्बी बनाउने ।

२.५ महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी तेस्रो चरणको कार्ययोजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

**उद्देश्य ३ संग सम्बन्धित :**

३.१ हिंसा पीडित र प्रभावितको न्यायको अधिकार सुनिश्चित गर्ने ।

३.२ निःशुल्क कानूनी सहायता सेवालाई पहुँचयोग्य र प्रभावकारी बनाउँदै एकद्वार प्रणाली मार्फत कार्यान्वयन गर्ने ।

३.३ लैङ्गिक हिंसा निवारणको लागि आवश्यक नीति तथा कानून निर्माण/ परिमार्जन गर्ने ।

**उद्देश्य ४ संग सम्बन्धित:**

४.१ लैङ्गिक हिंसा तथा परम्परागत हानिकारक अभ्यासहरूको अन्त्य गर्नका लागि सबै तहका सरकार र सम्बन्धित मन्त्रालयहरू बीच समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्था गर्ने ।

४.२ लैङ्गिक हिंसासँग सम्बन्धित नीतिगत, कानूनी व्यवस्थाहरू तथा कार्ययोजनाहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न अन्तरतह समन्वय र सहकार्य गर्ने ।

४.३ एकीकृत लैङ्गिक खण्डीकृत तथ्याङ्क प्रणाली र प्रतिवेदन प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याउने ।

### उद्देश्य ५ संग सम्बन्धित:

५.१ न्यायपालिकाका सम्बद्ध जनशक्तिहरू, स्थानीय न्यायिक समितिका सदस्यहरू र कानुन कार्यान्वयनमा संलग्न हुने अधिकारीहरूलाई महिला अधिकार र लैङ्गिकमैत्री अनुसन्धान तथा बयान कार्यविधिहरूका सम्बन्धमा तालिमको व्यवस्था गर्ने ।

५.२ मानव बेचबिखन तथा ओसारप्रसार लगायत समग्र लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूको उद्धार, संरक्षण र पुनर्स्थापना गर्न संघ, प्रदेश र स्थानीय तहका सरकारहरू बीच साझेदारी गर्ने संयन्त्र र संरचनाहरूको क्षमता अभिवृद्धि गर्ने ।

५.३ लैङ्गिक हिंसा, विभेद र परम्परागत हानिकारक अभ्यासहरूलाई प्रभावकारी रुपले सम्बोधन गर्न राज्यका निकायहरूमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने ।

५.४ लैङ्गिक उत्तरदायी बजेट प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउने ।

५.५ लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूको सुरक्षा तथा संरक्षणका लागि स्थापना भएका सुरक्षित आवास गृह, पुनर्स्थापना केन्द्रहरू तथा एकद्वार संकट व्यवस्थापन केन्द्रहरूमा पर्याप्त स्रोतहरू (आर्थिक तथा मानवस्रोत) को व्यवस्था गर्ने ।

५.६ ग्रामिण महिला लक्षित सम्मानजनक सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा लगायत सबैको लागि आधारभूत यौन तथा प्रजनन स्वास्थ्य सेवा, हिंसारहित सुरक्षित मातृत्व तथा शिशु स्याहार सेवा उपलब्ध गराउन स्वास्थ्य सेवा प्रदायकको क्षमतामा थप सुधार गर्ने।

### उद्देश्य ६ संग सम्बन्धित:

६.१ विपद् तथा महामारीको समयमा लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूका लागि सुरक्षा र आधारभूत सेवाहरू सुनिश्चित गर्ने ।

६.२ विद्यमान कानून तथा रणनीति अन्तर्गत संघ, प्रदेश तथा जिल्ला र स्थानीयस्तरमा स्थापित रहेका संयन्त्रहरूको सुदृढीकरण गर्नुका साथै जलवायु परिवर्तनको कारणले सृजना हुने लैङ्गिक हिंसाको सम्बोधनका लागि आवश्यक पर्ने प्रतिकार्य सम्बन्धी सचेतना अभिवृद्धि गर्ने ।

माथि उल्लेख गरिएका सोच, उद्देश्य रणनीतिहरूको कार्यान्वयनको लागि परिच्छेद - ३ मा कार्ययोजना उल्लेख गरिएको छ। उक्त कार्ययोजनामा समयसीमा सहितको कार्यक्रम, कार्यान्वयनको लागि तीनै तहका जिम्मेवार निकाय, सहयोगी निकाय, अनुगमन सूचक; र सूचनाको स्रोत समेत उल्लेख गरिएको छ।

# परिच्छेद – ३

## कार्ययोजना

**उद्देश्य १: सबै प्रकारका लैङ्गिक हिंसा तथा परम्परागत हानिकारक अभ्यासहरूको अन्त्य गर्न निरोधात्मक उपायहरू अवलम्न गर्नु ।**

| रणनीति | कार्यक्रमहरू | जिम्मेवार निकाय | | | सहयोगी निकाय | अनुगमन सूचक | सूचनाको स्रोत | समय सीमा |
|---|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | | | | |
| १.१ महिला (ज्येष्ठ नागरिक महिला समेत), अपाङ्गता भएका व्यक्तिहरू, यौनकर्मी, लैङ्गिक तथा यौनिक अल्पसंख्यहरू र , दलित समुदाय लगायत अन्य सिमान्तकृत वर्गका व्यक्तिहरूमाथि हुने सबै किसिमका लैङ्गिक हिंसा र विभेद लगायत समाजमा विद्यमान हानिकारक अभ्यासहरूको रोकथाम गर्न सचेतना अभिवृद्धि गर्ने । | १.१.१ लैङ्गिक हिंसा र समाजमा रहेका हानिकारक प्रथा, परम्परा, कुरीति विरूद्ध सूचनामूलक सन्देशहरू प्रवाह गर्ने सामग्रीहरूको उत्पादन, प्रकाशन र वितरण गर्ने । | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय | स्थानीय तह | आन्तरिक मामिला तथा कानून मन्त्रालय; संचार तथा सूचना प्रविधि मन्त्रालय; गैरसरकारी संस्थाहरू; नागरिक समाज | उत्पादन, प्रकाशन र वितरण भएका सूचनामूलक सन्देशहरू दिने सामग्रीहरूको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |
| | १.१.२ लैङ्गिक हिंसा र हानिकारक परम्परागत अभ्यासहरूका साथै प्रविधिजन्य लैंगिक हिंसालाई निरूत्साहन गर्ने सन्देशहरू रेडियो, टेलिभिजन, राष्ट्रिय दैनिक पत्रिकाहरू, सामाजिक संजाल लगायतका आम सञ्चारका माध्यमबाट | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय | स्थानीय तह | संचार तथा सूचना प्रविधि मन्त्रालय; प्रादेशिक आन्तरिक मामिला तथा कानून मन्त्रालय; गैरसरकारी | उत्पादन, प्रकाशन र सम्प्रेषण भएका सूचनामूलक सन्देशहरू दिने सामग्रीहरूको संख्या | सम्बन्धित तहको बार्षिक प्रतिवेदन | निरन्तर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | समुदायस्तर सम्म निरन्तर सम्प्रेषण गर्ने । | | | | संस्थाहरू;नागरिक समाज;आम सञ्चार गृहहरू | | | |
| | १.१.३ लैङ्गिक हिंसा, विभेद, मानव बेचविखन लगायत छुवाछुत, बोक्सा बोक्सी, छाउपडी, तिलक, दाइजो, झुमा जस्ता हानिकारक परम्परागत अभ्यासहरूका विरुद्धमा बनेका विद्यमान कानूनी व्यवस्थाहरू र कानूनी उपचारको बारेमा जनस्तरमा सचेतना अभिवृद्धि गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय | स्थानीय तह | आन्तरिक मामिला तथा कानून मन्त्रालय; सम्बन्धित संवैधानिक आयोग; नागरिक समाज; विकासका साझेदार संस्थाहरू | सचेतनामूलक कार्यक्रम र सहभागीहरूको संख्या | सम्बन्धित तहको बार्षिक प्रतिवेदन | निरन्तर |
| | १.१.४ लैङ्गिक हिंसा र हानिकारक अभ्यासहरू विरुद्ध सचेतनामूलक कार्यक्रमलाई आभियानको रुपमा ७७ वटै जिल्लाहरूमा सञ्चालन गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय | स्थानीय तह | नागरिक समाज; विकासका साझेदार संस्थाहरू | संचालित सचेतनामूलक कार्यक्रमको संख्या | सम्बन्धित तहको बार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत भएपछि ६ महिना भित्र |
| | १.१.५ विभेदपूर्ण सामाजिक मूल्य मान्यताहरू र कुरीतिजन्य अभ्यासहरूलाई परिवर्तन गर्न विवाहित दम्पत्तिहरू, परिवारका सदस्यहरू, अन्तरपुस्ता बीच लैङ्गिक रुपान्तरणका बारेमा नियमित संवाद कार्यक्रमहरू | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय | स्थानीय तह | नागरिक समाज; विकासका साझेदार संस्थाहरू | संवाद कार्यक्रमहरूको संख्या/ सहभागीहरूको संख्या | सम्बन्धित तहको बार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत भएपछि ३ महिना भित्र सुरु गरी सो पश्चात निरन्तर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | संचालन गर्ने । | | | | | | | |
| उद्देश्य ५. लैङ्गिक हिंसा र परम्परागत हानिकारक अभ्यासहरू सम्बोधन गर्न तहगत संयन्त्रहरूको सुदृढीकरण गर्नु । | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५.१.न्यायपालिका का सम्बद्ध जनशक्तिहरू, स्थानीय न्यायिक समितिका सदस्यहरू र कानुन कार्यान्वयनमा संलग्न हुने अधिकारीहरूलाई महिला अधिकार र लैङ्गिक मैत्री अनुसन्धान तथा बयान कार्यविधिहरूका सम्बन्धमा तालिम उपलब्ध गराउने। | ५.१.१ महिला अधिकार र लैङ्गिक मैत्री अनुसन्धान तथा बयान कार्यविधिहरू सम्बन्धी प्रशिक्षण सामग्रीहरू तर्जुमा गर्नुका साथै तालिम/पुनर्ताजगी तालिम कार्यक्रम सञ्चालन गर्ने। | राष्ट्रिय न्यायिक प्रतिष्ठान | महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय | स्थानीय तह | स्थानीय न्यायिक समिति; न्यायपालिका; नेपाल प्रहरी; महान्यायाविक्ताको कार्यालय; गृह मन्त्रालय; संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | तालिम र तालिमका सहभागीहरूको संख्या | सम्बन्धित तहको बार्षिक प्रतिबेदन | कार्ययोजना स्वीकृत भएपछि ६ महिना भित्र प्रशिक्षण सामग्रीहरू तर्जुमा गर्ने र सो पश्चात निरन्तर |
| | ५.१.२ सामुदायिक मेलमिलाप केन्द्रहरू र न्यायिक समितिहरूलाई लैङ्गिक विभेदमा आधारित हिंसाका घटनाहरूमा पीडितमैत्री मध्यस्थता गर्न | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | महिला तथा बालबालिका विषय हर्ने मन्त्रालय, आन्तरिक मामिला तथा | स्थानीय तह | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय,संघीय मामिला | क्षमता अभिबृध्दि सम्बन्धी कार्यक्रम र सहभागीहरूको संख्या | सम्बन्धित तहको बार्षिक प्रतिबेदन | निरन्तर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | क्षमता अभिवृद्धि गर्ने । | | कानून मन्त्रालय | | तथा सामान्य प्रशासन मन्त्रालय | | | |
| | ५.१.३ पीडित संरक्षण सम्बन्धी तालिम सामग्री तयार गरी सो सम्बन्धमा तालिमहरू सञ्चालन गर्ने । | नेपाल प्रहरी प्रतिष्ठान राष्ट्रिय; राष्ट्रिय न्यायिक प्रतिष्ठान; न्यायसेवा तालिम केन्द्र | आन्तरिक मामिला तथा कानून मन्त्रालय | स्थानीय तह | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय; महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय; संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | पीडित संरक्षण सम्बन्धी तालिमहरू र सहभागीहरूको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिबेदन | कार्ययोजना स्वीकृत भएपछि ६ महिना भित्र प्रशिक्षण सामग्रीहरू तयार गर्ने र सो पश्चात निरन्तर |
| ५.२ मानव बेचबिखन तथा ओसारप्रसार लगायत समग्र लैंगिक हिंसाबाट पीडित प्रभावितहरूको उद्धार, संरक्षण र पुनस्थापना गर्न संघ, प्रदेश र स्थानीय तहका | ५.२.१ मानव बेचबिखन तथा ओसारपसारबाट पीडित प्रभावितहरूको उद्धार, स्वदेश फिर्ती, संरक्षण तथा पुनर्स्थापनाको लागि स्थापित संयन्त्रहरूको सुदृढीकरण गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | महिला तथा बालबालिका विषय हर्ने मन्त्रालय | स्थानीय तह | गृह मन्त्रालय; परराष्ट्र मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; प्रदेशस्तरीय आन्तरिक मामिला तथा कानून | सुदृढीकरण गरिएका संयन्त्रको संख्या | नेपाल सरकारको मानव वेचबिखन नियन्त्रण सम्बन्धी वार्षिक प्रतिवेदन | निरन्तर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सरकारहरू बीच साझेदारी गर्ने संयन्त्र र संरचनाहरूको क्षमता अभिवृद्धि गर्ने । | | | | | मन्त्रालय; विदेशस्थित कुटनीतिक नियोग; नेपाल प्रहरी; नागरिक समाज, विकासका साझेदार संस्थाहरू | | | |
| | ५.२.२ मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका समूह तथा समुदायको पहिचान गरी सशक्तिकरण गर्न समुदायमा आधारित जीविकोपार्जन तथा स्वरोजगारका कार्यक्रमहरू संचालन गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | महिला तथा बालबालिका विषय हर्ने मन्त्रालय | स्थानीय तह | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; , प्रदेश स्थित आन्तरिक मामिला तथा कानून मन्त्रालय; नागरिक समाज; विकासका साझेदार संस्थाहरू | जीविकोपार्जन तथा स्वरोजगार कार्यक्रमबाट लाभान्वित संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत भएपछि ६ महिना भित्र आधारभूत कार्यहरू सम्पन्न गर्ने र सो पश्चात निरन्तर |
| ५.३ लैङ्गिक हिंसा, विभेद र परम्परागत | ५.३.१ लैङ्गिक समानताको प्रवर्धन गर्न र लैङ्गिक हिंसाको न्यूनिकरणको विषयमा | महिला, बालबालिका तथा जेष्ठ | महिला तथा बालबालिका विषय हेर्ने | स्थानीय निकाय | संघीय मामिला तथा सामान्य प्रशासन | लैङ्गिक समानता र लैङ्गिक हिंसाको विषयमा स्थानीय | क्षमता अभिवृद्धि कार्यक्रमह | निरन्तर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| हानिकारक अभ्यासहरूलाई प्रभावकारी रुपले सम्बोधन गर्न राज्यका निकायहरूमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने | स्थानीय तहको क्षमता अभिवृद्धि सम्बन्धी सामग्रीहरू तयार गरी सम्प्रेषण गर्ने र स्थानीय तहको क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्ने । | नागरिक मन्त्रालय | मन्त्रालय | | मन्त्रालय; गाउँपालिका राष्ट्रिय महासंघ; नेपाल नगरपालिका संघ; नागरिक समाज; विकासका साझेदार संस्थाहरू | तहको क्षमता अभिवृद्धि गर्ने प्रयोजनार्थ तयार गरिएको सामग्रीहरूको संख्या र कार्यान्वयनमा ल्याईएको कार्यक्रमहरूको संख्या | रू सञ्चालन सम्बन्धी संघीय तथा सामान्य प्रशासन मन्त्रालय एवं महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र सम्बन्धित तहको वार्षिक प्रतिवेदन | |
| | ५.३.२ न्यायिक निकाय, सुरक्षा निकाय, बिशेषत; नेपाल प्रहरी तथा कानून कार्यान्वयन गर्ने निकायका अधिकारीहरूलाई प्रदान गरिने नियमित तालिममा लैङ्गिक समानता, लैङ्गिक हिंसा र परम्परागत अभ्यासहरू सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनी संयन्त्रहरू | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय | स्थानीय तह | गृह मन्त्रालय; रक्षा मन्त्रालय; महिला; बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; सम्बन्धित संबैधानिक | लैङ्गिक समानता, लैङ्गिक हिंसा र परम्परागत अभ्यासहरू सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनी संयन्त्रहरूको विषय समाबेश गरी तयार भएको पाठयक्रम र पाठयपुस्तक | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत भएपछि ६ महिना भित्र पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्ने र सो पश्चात तालिममा निरन्तरता |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तथा तिनको कार्यप्रणाली र प्रक्रियाको विषय समाबेश गरी पाठयक्रम र पाठयपुस्तक तयार गरी तालिम प्रदान गर्ने । | | | | आयोग | | | |
| | ५.३.३ हिंसावाट पीडित र प्रभावित केन्द्रित सेवा प्रवाह गर्न स्थानीय र प्रदेश सरकारको क्षमता अभिवृद्धि गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय | स्थानीय तह | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; अर्थ मन्त्रालय | प्रदेश तथा स्थानीय तहको क्षमता अभिबृध्दिको लागि सञ्चालित कार्यक्रमहरू र तालिम प्राप्त कर्मचारी र पदाधिकारीहरूको को संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |
| | ५.३.४ लैङ्गिक हिंसा, विभेद र परम्परागत हानिकारक अभ्यासहरूको रोकथाम र प्रतिकार्यका बारेमा राष्ट्रिय तथा अन्तराष्ट्रिय मान्यता, मापदण्ड तथा असल अभ्यासहरूका का सम्बन्धमा तीनै तहका सरकारको क्षमता अभिवृद्धि गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय | स्थानीय तह | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय;कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय; प्रदेशको महिला तथा बालबालिका विषय हर्ने मन्त्रालय; गाउँपालिका | क्षमता अभिवृद्धि गर्न सञ्चालन गरिएको कार्यक्रम र सहभागीहरूको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत भएपछि ६ महिना भित्र तयार गर्ने र सो पश्चात क्षमता वृद्धिकार्यक्रममा निरन्तरता |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | राष्ट्रिय महासंघ;नेपाल नगरपालिका संघ; नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान; प्रदेश सुशासन केन्द्र; स्थानीय विकास प्रशिक्षण केन्द्र; नागरिक समाज; विकासका साझेदार संस्थाहरू | | | |
| | ५.३.५ संघ, प्रदेश र स्थानीय तहमा स्पष्ट कार्यदिश सहितको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति (फोकल पर्सन)को व्यबस्था गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय | स्थानीय तह | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; नागरिक समाज; विकासका साझेदार संस्था; गाउँपालिका | स्पष्ट कार्यदिश सहित क्रियाशील लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति (फोकल पर्सन) | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत भएपछि ३ महिना भित्र |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | राष्ट्रिय महासंघ; नेपाल नगरपालिका संघ | | | |
| | ५.३.६ स्थानीय तहमा न्यायिक समितिको क्षेत्राधिकार र यसको प्रयोग सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने । | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय | स्थानीय तह | महान्याधिवक्ता; मुख्य न्यायाधिवक्ताको कार्यालय; नागरिक समाज;विकासका साझेदार संस्था; गाउँपालिका राष्ट्रिय महासंघ; नेपाल नगरपालिका संघ | क्षमता अभिवृद्धि गर्न सञ्चालन गरिएको कार्यक्रमको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |
| ५.४ लैङ्गिक उत्तरदायी बजेट प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउने । | ५.४.१ संघ, प्रदेश र स्थानीय तहमा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा गर्ने । | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय; प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय; प्रदेश नीति/योजना आयोग;गाउँपा | सरकारको तीनै तहमा लैङ्गिक उत्तरदायी बजेट प्रणाली कार्यान्वयनमा आएको हुने । | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | तत्काल |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | लिका राष्ट्रिय महासंघ; नेपाल नगरपालिका संघ | | | |
| | ५.४.२ स्थानीय तहले संघीय सरकारवाट प्राप्त गर्ने समानीकरण अनुदान समेतको आधारमा तयार गर्ने वार्षिक बजेटको कम्तिमा १०% महिला सशक्तिकरण तथा लैङ्गिक हिंसा सम्बोधन गर्न छुटाउने व्यवस्था गर्ने । | अर्थ मन्त्रालय | आर्थिक मामिला तथा योजना मन्त्रालय | स्थानीय तह | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय;राष्ट्रिय योजना आयोग; प्रदेश नीति/योजना आयोग ; बिकासका साझेदार संस्थहरू; गाउँपालिका राष्ट्रिय महासंघ; नेपाल नगरपालिका संघ | बजेटको १० प्रतिशत स्थानीय तहमा महिला नेतृत्व विकास, सशक्तिकरण तथा लैङ्गिक हिंसा सम्बोधन गर्न रकम विनियोजन गरिएको बजेट तथा कार्यक्रम | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | तत्काल तत्पश्चात निरन्तर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ५.४.३ प्रदेशमा महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय र स्थानीय तहको लैंगिक बिषय हेर्ने शाखामा आवश्यक मानव स्रोतको व्यवस्था गर्ने । | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय; संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; गाउँपालिका राष्ट्रिय महासंघ; नेपाल नगरपालिका संघ; बिकासका साझेदार संस्थहरू;नागरिक समाज | प्रदेशको महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय र स्थनीय तहको लैंगिक बिषय हेर्ने शाखामा थप गरिएको मानवस्रोतको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत भएपछि १ वर्ष भित्र |
| | ५.४.४ लैङ्गिक हिंसा पीडित तथा प्रभावितलाई सहयोग गर्न लैङ्गिक हिंसा निवारण कोषको स्थापना गर्ने र स्थापना भैसकेको कोषमा आवश्यक बजेट विनियोजन गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय; संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय; नागरिक समाज, विकासका | स्थापना गरिएका कोषहरू र परिचालन भएको रकमको परिमाण | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत भएपछि २ वर्ष भित्र |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | साझेदार संस्था; गाउँपालिका राष्ट्रिय महासंघ; नेपाल नगरपालिका संघ | | | |
| | ५.४.५ प्रदेश र स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोषमा पीडित तथा प्रभावितहरूको सहज पहुँचका लागि आवश्यक नमुना कार्यविधि तयार गर्ने । | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय; संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; आर्थिक मामिला तथा योजना मन्त्रालय; नागरिक समाज; विकासका साझेदार संस्था; गाउँपालिका राष्ट्रिय महासंघ ; नेपाल नगरपालिका संघ | लैङ्गिक हिंसा निवारण कोषमा प्रभावितहरूको सहज पहुँचका लागि नमुना कार्यविधि तयार गर्ने प्रदेश र स्थानीय तहको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत भएपछि ६ महिना भित्र |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५.५ लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूको सुरक्षा तथा संरक्षणकालागि गठन भएका सुरक्षित आवास गृह, पुनर्स्थपना केन्द्रहरू तथा एक द्वार संकट व्यवस्थापन केन्द्रहरूमा पर्याप्त स्रोतहरू (आर्थिक, मानवस्रोत) को व्यवस्था गर्ने । | ५.५.१ लैङ्गिक हिंसाबाट पीडित तथा प्रभावितहरूको सुरक्षा तथा संरक्षणकालागि गठन भएका सुरक्षित आवास गृह, पुनरुथापना केन्द्रहरू तथा एकद्वार संकट व्यवस्थापन केन्द्रहरूको स्थापना तथा सञ्चालनको लागि स्थानीय तहसंगको सहकार्यमा पर्याप्त आर्थिक तथा मानव स्रोतको व्यबस्था गर्ने । | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय; गाउँपालिका राष्ट्रिय महासंघ; नेपाल नगरपालिका संघ; नागरिक समाज; विकासका साझेदार संस्थाहरू | सुरक्षित आवास गृह, पुनरुथापना केन्द्रहरू तथा एकद्वार संकट व्यवस्थापन केन्द्रहरूको बार्षिक बजेटमा बढोत्तरी भएको प्रतिशत | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |
| | ५.५.२ प्रत्येक प्रदेशमा कम्तिमा एउटा दीर्घकालिन सुरक्षित आवास गृह/ पुनर्स्थापना केन्द्रहरू स्थापना तथा संचालन गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल नगरपालिका संघ; नागरिक समाज; विकासका | प्रत्येक प्रदेशमा स्थापना भएको दिर्घकालिन सुरक्षित आवास गृह/ पुनर्स्थापना केन्द्रहरू | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत भएपछि २ वर्ष भित्र |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | साझेदार संस्थाहरू | | | |
| | ५.५.३ जिल्लास्तरमा अल्पकालिन सुरक्षित आवास गृह संचालन गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय; प्रादेशिक आर्थिक मामिला तथा योजना मन्त्रालय; गाउँपालिका राष्ट्रिय महासंघ; नेपाल नगरपालिका संघ; नागरिक समाज; विकासका साझेदार संस्थाहरू | जिल्लास्तरमा सञ्चालनमा आएको कम्तिमा एउटा अल्पकालिन सुरक्षित आवास गृह | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत भएपछि २ वर्ष भित्र |
| | ५.५.४ पालिकास्तरीय अस्थायी आवास गृह (Transit Shelter) संचालन गर्ने व्यवस्था मिलाउने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय; प्रादेशिक आर्थिक मामिला तथा योजना मन्त्रालय; गाउँपालिका राष्ट्रिय महासंघ; | अस्थायी आवास गृह (Transit Shelter) संचालनमा ल्याएका स्थानीय तहको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत भएपछि २ वर्ष भित्र |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | नेपाल नगरपालिका संघ | | | |
| ५.६ ग्रामिण महिला लक्षित सम्मानजक सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा लगायत सबैको लागि आधारभूत यौन तथा प्रजनन स्वास्थ्य सेवा, हिंसारहित सुरक्षित मातृत्व तथा शिशु स्याहार सेवा उपलब्ध गराउन स्वास्थ्य सेवा प्रदायकको क्षमतामा थप सुधार गर्ने। | ५.६.१ सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ मा उल्लेख भए बमोजिम सेवाग्राही महिलालाई दुर्व्यवहार र विभेदरहित सम्मानजक प्रसूति सेवा प्रदान गर्न  प्रसूति सेवा सम्बन्धी तालिम ,सचेतनामूलुक अभिमुखीकरण कार्यक्रम संचालन गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्य विषय हेर्ने मन्त्रालय | स्थानीय तह | स्वास्थ्य संस्था; नागरिक समाज; विकासका साझेदार संस्था | तालीम प्राप्त गरेका वा अभिमुखीकरण कार्यक्रममा सहभागी सुरक्षित मातृत्व सेवा प्रदायकहरूको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |
| | ५.६.२ स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०८० र राष्ट्रिय जनसंख्या नीति, २०८२ अनुसार दक्ष प्रसूतिकर्मी (मिडवाइफ) तयार गर्नुका साथै गर्भवती तथा सुत्केरी महिला तथा बालबालिकाहरुमा हुनसक्ने रक्तअल्पता कुपोषण लगायतका अन्य सम्भाव्य स्वास्थ्य समस्या तथा जोखिमको व्यवस्थापनका | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्य तथा शिक्षा विषय हेर्ने मन्त्रालय | स्थानीय तह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, चिकित्सा शिक्षा आयोग; विकासका साझेदार संस्था | मिडवाइफ्री शिक्षा (प्रमाण पत्र तथा स्नातक तह) अध्ययापन  गराउने शैक्षिक संस्थाहरुको संख्या; उत्पादित मिडवाइफ जनशक्तिको सङ्ख्या; मिडवाइफहरुले गर्भ जाँच र सुत्केरी गराएको सङ्ख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लागि विशिष्टिकृत सिप विकास हुने गरी मिडवाइफ्री शिक्षालाई प्राथमिकताका साथ विस्तार गर्ने। | | | | | | | |
| | ५.६.३ सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ मा उल्लेख भए बमोजिम सेवाग्राही महिलालाई दुर्व्यवहार र विभेदरहित सम्मानजक प्रसूति सेवा प्रदान गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्य विषय हेर्ने मन्त्रालय | स्थानीय तह | स्वास्थ्य संस्था; नागरिक समाज; विकासका साझेदार संस्था | दुर्व्यवहार र विभेदरहित सम्मानजनक प्रसूति सेवा प्राप्त गरेका महिलाको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |

**उद्देश्य ६: प्राकृतिक तथा मानवीय विपद् तथा महामारीको अवस्थामा लैङ्गिक हिंसा नियन्त्रणकालागि प्रतिकार्य सुनिश्चित गर्नु ।**

| कार्य नीति | कार्यक्रमहरू | जिम्मेवार निकाय | | | सहयोगी निकाय | अनुगमन सूचांक | सूचनाको स्रोत | समय सीमा |
|---|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | स्थानीय | | | | |
| ६.१ विपद्/महामारीको समयमा लैङ्गिक हिंसावाट पीडित र प्रभावितहरूका लागि सुरक्षा र आधारभूत सेवाहरू सुनिश्चित गर्ने । | ६.१.१ संघ, प्रदेश र स्थानीय तहले संरक्षण विषयगत क्षेत्र (Protection Cluster) अन्तर्गत लैङ्गिक समानता, अपांगता तथा सामाजिक समावेशीकरणसंग सम्बन्धित बिषय क्षेत्रमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्ने । | गृह मन्त्रालय, महिला; बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय | स्थानीय तह | राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण;गैर सरकारी संस्थाहरू; विकासका | संघ, प्रदेश र स्थानीय तहले संरक्षण क्षेत्रको लागि तयार गरेको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | ६ महिना भित्र र तत्पश्चात निरन्तर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | साझेदार संस्थाहरू | | | |
| | ६.१.२ विपद्‌को समयमा हुने मानव बेचविखनको जोखिम र लैङ्गिक हिंसालाई न्यूनीकरण गर्न समुदाय स्तरमा सचेतना कार्यक्रम गर्ने र अस्थायी सूचना केन्द्रहरूको स्थापना गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय | स्थानीय तह | राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण; प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय; गाउँपालिका राष्ट्रिय महासंघ; नेपाल नगरपालिका संघ; गैरसरकारी संस्थाहरू; विकासका साझेदार संस्थाहरू | सचेतना कार्यक्रम र अस्थायी सूचना केन्द्रहरूको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत भएपछि ३ महिना भित्र केन्द्र स्थापना गरी सो पश्चात निरन्तर |
| | ६.१.३ विपद्/महामारीको अवस्थामा हुने लैङ्गिक हिंसा सम्बोधन हुने गरी कार्यविधि | महिला, बालबालिका तथा ज्येष्ठ | महिला तथा बालबालिका विषय हेर्ने | स्थानीय तह | गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम | स्वीकृत भै कार्यान्वयनमा आएको विपद्‌को अवस्थामा | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | कार्ययोजना स्वीकृत भएपछि ३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | -SOP on GBV in Emergencies_ तर्जुमा गरी कार्यान्वयन गर्ने । | नागरिक मन्त्रालय | मन्त्रालय | | न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण; गैरसरकारी संस्थाहरू, विकासका साझेदार संस्थाहरू | हुने लैङ्गिक हिंसा सम्बोधन गर्ने कार्यविधि | | महिना भित्र केन्द्र स्थापना गरी सो पश्चात निरन्तर |
| | ६.१.४ संघ, प्रदेश, जिल्ला र स्थानीय तहले विपद्/महामारी पश्चात् सृजना हुने मानसिक असर कम गर्न मनोसामाजिक परामर्शको कार्यक्रम संचालन गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय | स्थानीय तह | गृह मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय; प्रादेशिक स्वास्थ्य बिषय हेर्ने मन्त्रालय | संचालन भएको कार्यक्रम र सहभागीको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |
| | ६.१.५ विपद्को अवस्थामा लैङ्गिक हिंसा रोकथाम र व्यवस्थापनका लागि महिला मैत्री स्थल स्थापना गरी एकीकृत सेवाहरू प्रदान गर्न नेपाल सरकारबाट जारी भएको विपद्को अवस्थामा महिला मैत्री स्थल स्थापना र संचालन निर्देशिका, २०७६ को प्रभावकारी रुपले कार्यान्वयन गर्ने । | महिलाबालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय | स्थानीय तह | गृह मन्त्रालय, महिला, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण; गैरसरकारी संस्थाहरू; विकासका साझेदार | विपद्को अवस्थामा लैङ्गिक हिंसा रोकथाम र व्यवस्थापनका लागि स्थापना गरिएका महिला मैत्री स्थलहरूको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | संस्थाहरू | | | |
| ६.२ विद्यमान कानून तथा रणनीति अन्तर्गत संघ, प्रदेश तथा जिल्ला र स्थानीय स्तरमा स्थापित रहेका संयन्त्रहरूको सुदृढीकरण गर्नुका साथै जलवायु परिवर्तन को कारणले ले सृजना हुने लैङ्गिक हिंसाको सम्बोधन का लागि आवश्यक पर्ने प्रतिकार्य सम्बन्धी सचेतना अभिवृद्धि गर्ने । | ६.२.१ जलवायु परिवर्तन को कारणले ले हुने बिपद् र सो वाट सृजित लैङ्गिक हिसाको सम्बोधन का लागि आवश्यक पर्ने प्रतिकार्य सम्बन्धी सचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने । | गृह मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय | स्थानीय तह | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; बन तथा बाताबरण मन्त्रालय; प्रादेशिक महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय; प्रादेशिक बन तथा बाताबरण हेर्ने मन्त्रलय; राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण; गाउँपालिका राष्ट्रिय महासंघ; नेपाल नगरपालिका | कार्यान्वयनमा आएको कार्यक्रम र सहभागीहरूको संख्या | सम्बन्धित तहको वार्षिक प्रतिवेदन | निरन्तर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | संघ; गैरसरकारी संस्थाहरू; विकासका साझेदार संस्थाहरू | | | |
| | ६.२.२ विद्यमान कानून तथा रणनीति अन्तर्गत संघ, प्रदेश तथा जिल्ला र स्थानीय स्तरमा स्थापित संयन्त्रहरूको सुदृढीकरण गरी तीनको क्रियाशीलता बढाउने। | गृह मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय | स्थानीय तह | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; प्रादेशिक महिला तथा बालबालिका विषय हेर्ने मन्त्रालय; राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, गैरसरकारी संस्थाहरू | संयन्त्रहरूको बैठकको संख्या र भएका निर्णयहरू | प्रतिबेदन | निरन्तर |

# परिच्छेद—४

## कार्ययोजनाको कार्यान्वयन, अनुगमन, समन्वय र आर्थिक प्रवन्ध

### १. कार्ययोजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

लैङ्गिक हिंसा अन्त्यका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले संघीय तहमा नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ । तीन तहका सरकार, विकास साझेदार, गैर सरकारी संस्था, विभिन्न समूह, क्लब, संगठन, नागरिक समाज तथा सरोकारवालासँगको समन्वयमा कार्ययोजनाको कार्यान्वयन गरिनेछ । कार्ययोजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्न संघ, प्रदेश र स्थानीय तहमा छुट्टाछुट्टै समितिहरू रहनेछन् ।

### १.१ संघीय कार्ययोजना कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिः

कार्ययोजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनका लागि देहायबमोजिमको संघीय अनुगमन तथा मूल्याङ्कन समिति रहनेछः

(क) सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय — संयोजक

(ख) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य

(ग) सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — सदस्य

(घ) सहसचिव, गृह मन्त्रालय — सदस्य

(ङ) सहसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय — सदस्य

(च) सहसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय — सदस्य

(छ) सहसचिव, संचार तथा सूचना प्रविधि मन्त्रालय — सदस्य

(ज) सह-न्यायाधिवक्ता, महान्यायधिवक्ताको कार्यालय — सदस्य

(झ) सचिव, राष्ट्रिय महिला आयोग — सदस्य

(ञ) सचिव, महिला तथा बालबालिका बिषय क्षेत्र हेर्ने मन्त्रालय, सबै प्रदेश सरकार — सदस्य

(ट) प्रहरी नायब महानिरीक्षक, महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय, नेपाल प्रहरी — सदस्य

(ठ) अध्यक्ष, गाँउपालिका राष्ट्रिय महासंघ — सदस्य

(ड) अध्यक्ष, नगरपालिका संघ — सदस्य

(ढ) सहसचिव, महिला सशक्तीकरण महाशाखा, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय — सदस्य सचिव

- ✓ समितिले बैठकमा आवश्यकता अनुसार प्रदेश सरकार र स्थानीय तह, विषय विज्ञ एवम् नीजि तथा गैरसरकारी संघसंस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।
- ✓ समितिको वैठक कम्तीमा वर्षको दुई पटक बस्नेछ ।
- ✓ संघीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) कार्ययोजनाको उद्देश्य तथा रणनीति बमोजिमका कार्यक्रमहरू मन्त्रालय/निकायका नीति, योजना तथा वार्षिक कार्यक्रममा आबद्ध गरी कार्यान्वयन सुनिश्चित गर्नको लागि आवश्यक समन्वय गर्ने,

(ख) लैङ्गिक हिंसा विरूद्ध स्थानीय स्तरसम्म सूचना सम्प्रेषण गर्न सामाजिक सञ्जाल समेतवाट निरन्तर सचेतना सामग्री उत्पादन तथा प्रसारणको लागि समन्वय र सहजीकरण गर्ने,

(ग) समग्र कार्ययोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न सहजीकरण गर्ने,

(घ) प्रदेश तथा स्थानीय तहबाट कार्य योजना कार्यान्वयनको लागि भए गरेका कार्यहरूको विवरण प्राप्त गरी विश्लेषण गर्ने र आवश्यकता अनुसार प्रदेश र स्थानीय तहमा गठित समितिहरूलाई दिशानिर्देश गर्ने,

(ङ) समाजमा रहेका हानिकारक अभ्यासहरूको अन्त्यका लागि सञ्चालित कार्यक्रमको नियमित रूपमा अनुगमन गर्ने,

(च) यस रणनीतिक कार्ययोजनाको कार्यान्वयनको साढे दुई वर्षमा मध्यावधि मूल्याङ्कन गराउने,

(छ) आवश्यकता अनुसार नीति/मापदण्ड/कार्यविधि तर्जुमा गर्ने गराउने,

(ज) आफ्नो निर्णयको कार्यान्वयन स्थितिको अनुगमन गर्ने, र

(ज) आवश्यकता अनुसार बैठक आयोजना गर्ने ।

### १.२ प्रदेश स्तरीय कार्ययोजना कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिः

कार्ययोजना कार्यान्वयनको अनुगमन तथा मूल्यङ्कन गर्न देहाय बमोजिमको प्रदेश स्तरीय अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ;

(क) सचिव, महिला तथा बालबालिका बिषय क्षेत्र हेर्ने मन्त्रालय — संयोजक

(ख) महाशाखा प्रमुख, मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य

(ग) महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय — सदस्य

(घ) महाशाखा प्रमुख, आन्तरिक मामिला तथा कानून मन्त्रालय — सदस्य

(ङ) महाशाखा प्रमुख, स्वास्थ्य विषय क्षेत्र हेर्ने मन्त्रालय — सदस्य

(च) महाशाखा प्रमुख, प्रदेश नीति/योजना आयोग — सदस्य

(छ) महाशाखा प्रमुख, श्रम तथा रोजगार विषय क्षेत्र हेर्ने मन्त्रालय — सदस्य

(ज) अधिकृत प्रतिनिधि, मूख्या न्यायाधिवक्ताको कार्यालय — सदस्य

(झ) प्रहरी अधिकृत प्रतिनिधि, प्रदेश प्रहरी कार्यालय — सदस्य

(ञ) प्रदेश प्रहरी प्रमुख, नेपाल प्रहरी — सदस्य

(ट) प्रदेश स्तरीय प्रतिनिधि, राष्ट्रिय गाउँपालिका महासंघ — सदस्य

(ठ) प्रदेश स्तरीय प्रतिनिधि, नेपाल नगरपालिका संघ — सदस्य

(ड) महाशाखा प्रमुख, सामाजिक महाशाखा, महिला, बालबालिका क्षेत्र हेर्ने मन्त्रालय — सदस्य सचिव

- ✓ समितिले बैठकमा आवश्यकता अनुसार संघीय सरकार, स्थानीय तह, विषय विज्ञ एवम् नीजि तथा गैरसरकारी संघसंस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।
- ✓ समितिको वैठक कम्तीमा वर्षको २ पटक बस्नेछ ।
- ✓ प्रदेश समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—
  - (क) कार्ययोजनाको उद्देश्य तथा रणनीति बमोजिमका कार्यक्रमहरू प्रदेशका मन्त्रालय/निकायका नीति, योजना तथा वार्षिक कार्यक्रममा आवद्ध गरी कार्यान्वयन सुनिश्चित गर्नको लागि आवश्यक समन्वय गर्ने,
  - (ख) प्रदेशमा विद्यमान परम्परागत हानिकारक अभ्यासहरू एवं लैङ्गिक हिंसाका घटनाहरूको पहिचान गरी यस विरूद्ध कार्यक्रम सञ्चालन गर्ने,

(ग) संघीय कार्ययोजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिले दिएका निर्देशनहरू कार्यान्वयन गर्ने,

(घ) संघ र स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा यस कार्ययोजनाको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,

(ङ) परम्परागत हानिकारक अभ्यासहरू एवं लैङ्गिक हिंसा विरूद्ध निरन्तर सामाजिक सचेतना अभिवृद्धि गर्न आवश्यक प्रबन्ध गर्ने,

(च) लैङ्गिक हिंसा अन्त्यका लागि प्रदेश स्तरमा सञ्चालित कार्यक्रमहरूको नियमित रूपमा अनुगमन गरी प्रगति प्रतिवेदन संघीय कार्ययोजना कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिमा पठाउने,

(छ) यस कार्ययोजनाको कार्यान्वयनको मध्यावधि मूल्याङ्कनमा सहयोग, समन्वय र सहजीकरण गर्ने,

(ज) आवश्यकता अनुसार प्रादेशिक नीति, नियम/मापदण्ड/कार्यविधि तयार गर्ने गराउने,

(झ) स्थानीय तहवाट यस कार्ययोजनाको कार्यान्वयनको लागि भए गरेका कार्यहरूको विवरण प्राप्त गर्ने, त्यसको विश्लेषण गर्ने र आवश्यकता अनुसार सहजीकरण गर्ने,र

(ञ) आवश्यकता अनुसार बैठकको आयोजना गर्ने ।

## १.३ स्थानीय तहको कार्ययोजना कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिः

स्थानीय तहमा उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा आवश्यकता अनुसार विषय विज्ञहरू सदस्य तथा महिला तथा बालबालिका बिषय क्षेत्र हेर्ने शाखाका प्रमुख सदस्य-सचिव रहने गरी कार्ययोजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समिति गठन हुनेछ । उक्त समिति देहाय बमोजिम हुनेछः—

(क) संयोजक, न्यायिक समिति, स्थानीय तह — संयोजक

(ख) अध्यक्ष, स्थानीय बाल अधिकार समिति — सदस्य

(ग) प्रमुख, स्थानीय तहको प्रहरी कार्यालय — सदस्य

(घ) संयोजक, लैगिक हिंसा विरुद्धको स्थानीय तहको सञ्जाल — सदस्य

(ङ) संयोजक, नगरपालिका/गाउँपालिका स्तरीय लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल — सदस्य

(च) प्रतिनिधि, नागरिक समाज — सदस्य

(छ) प्रमुख, सामाजिक विकास शाखा, स्थानीय तह — सदस्य सचिव

✓ समितिले बैठकमा आवश्यकता अनुसार संघीय सरकार, प्रदेश, विषय विज्ञ एवम् नीजि तथा गैरसरकारी संघसंस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

✓ समितिको वैठक कम्तीमा वर्षको ४ पटक बस्नेछ ।

✓ स्थानीय तहको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) लैङ्गिक हिंसा विरुद्धको यस कार्ययोजना वमोजिम स्थानीय तहले कार्यान्वयनमा ल्याउनुपर्ने उद्देश्य, रणनीति तथा कार्यक्रमहरूलाई स्थानीय तहको नीति, योजना तथा कार्यक्रमसंग आवध्द गर्ने,

(ख) समुदायस्तरसम्म रहेको हिंसाका कारणहरूको पहिचान गरी सो विरूद्धका कार्यक्रम संञ्चालन गर्ने,

(ग) संघ तथा प्रदेशको कार्यान्वयन,अनुगमन तथा मूल्याङ्कन समितिको निर्देशन कार्यान्वयन गर्ने,

(घ) लैङ्गिक हिंसा विरूद्ध स्थानीय तहमा भए गरेका कार्यहरूको अद्यावधिक विवरण अर्धवार्षिक रुपमा यस बिषयसंग सम्बन्धित प्रदेश मन्त्रालय र महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा पठाउने,

(च) कार्ययोजनाको मध्यावधि मूल्याङ्कनको समयमा आवश्यक समन्वय र सहयोग गर्ने,

(छ) स्थानीय तहको लागि नीति, नियम/मापदण्ड/कार्यविधि तयार गर्ने, र

(ज) आवश्यकता अनुसार बैठकको आयोजना गर्ने ।

## २. आर्थिक प्रबन्ध

यो कार्ययोजनाको कार्यान्वयनको लागि आवश्यक पर्ने वजेटको व्यबस्था मूलतः नेपाल सरकारबाट हुनेछ । विकासका साझेदार संस्थाहरूबाट समेत त्यस्ता संस्थाहरूको प्राथमिकताका क्षेत्रका क्रियाकलापहरू कार्यान्वयन गर्न प्राविधिक र आर्थिक सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । जिम्मेवार निकायहरूको रुपमा तोकिएका संस्थाहरुले सम्बन्धित क्रियाकलापहरूको कार्यान्वयन गर्न आवश्यक पर्ने वजेट आ-आफ्नो वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रस्ताव गरी समावेश गर्नुपर्ने छ ।

# परिच्छेद — ५

## लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना कार्यान्वयनको लागि सम्बन्धित निकायहरूको भूमिका

तल उल्लेख भए वमोजिमका निकायहरुले यस कार्ययोजनाको कार्यान्वयनको लागि निम्न बमोजिमको भूमिका निभाउनेछन्।

| क्र.सं. | निकाय | भूमिका |
|---|---|---|
| १. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | १. कार्ययोजनाको आधारमा कार्यक्रम तयार गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने/गराउने । <br> २. सामाजिक मूल्य र मान्यतामा विद्यमान असामाजिक हानिकारक अभ्यासहरूका विरूद्ध अभियानका लागि तीन तहका सरकार र सरोकारवालाहरूका बीच साझा बुझाई कायम गर्न समन्वय, सहयोग र पैरवी गर्ने । <br> ३. आवश्यकता अनुसार प्राविधिक तथा वित्तीय साधन श्रोतको विनियोजनको अलावा मानव स्रोतको पर्याप्त व्यवस्थाको लागि आवश्यक पहल गर्ने/गराउने । <br> ४. प्रदेश तथा स्थानीय तह, सार्वजनिक तथा नीजि क्षेत्रलाई हानिकारक अभ्यास विरूद्ध नीति, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनको लागि समन्वय र सहकार्य गर्ने । <br> ५. हानिकारक प्रथा र परम्परा विरूद्धका नीति नियम कार्यान्वयन गर्न आवश्यक समन्वयको जिम्मेवारी लैङ्गिक सम्पर्क व्यक्तिलाई दिने। <br> ६. कार्ययोजना कार्यान्वयनमा प्रत्यक्ष/अप्रत्यक्ष संलग्न हुनुपर्ने कर्मचारी लगायत प्रत्यक्ष निर्वाचित पदाधिकारीको लागि सकारात्मक सोच समेत समावेश गरिएको क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्न तथा |

| क्र.सं. | निकाय | भूमिका |
|---|---|---|
| | | गराउन नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।<br>७. कुरीति विरूद्ध गरिएका प्रयासहरू र प्राप्त उपलब्धिहरू एकीकृत गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिवेदन गर्ने । |
| २. | अर्थ मन्त्रालय | १. कार्ययोजना कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्था गर्ने ।<br>२. लैङ्गिक हिंसा अन्त्य गरी सामाजिक समानता ल्याउने कार्यमा आवश्यकतानुसार आर्थिक/प्राविधिक सहयोगका लागि दातृ निकायहरूसँग सहजीकरण गर्ने।<br>३. लैङ्गिक उत्तरदायी शासन पद्धति र लैङ्गिक उत्तरदायी बजेट व्यवस्थापनलाई उच्च प्राथमिकता दिई कार्यान्वयनमा ल्याउन सहजीकरण गर्ने। |
| ३. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | १. लैङ्गिक समानता र सामाजिक समावेशीकरणको मान्यता अनुरूप स्वास्थ्यसँग सम्बन्धित दिगो विकासका कार्यक्रममा गरिव, सीमान्तकृत, दलित, महिला, बालबालिका, किशोर किशोरी, अशक्त तथा अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकको सहभागितालाई सुनिश्चित गर्ने ।<br>२. स्वास्थ्य क्षेत्रका कार्यक्रमहरूमा आवश्यकतानुसार बालविवाहको असर, कम उमेरमा हुने गर्भधारणको प्रभाव तथा महिनावारीमा गर्नुपर्ने सरसफाई व्यवस्थापन सम्बन्धी प्रवर्धनात्मक कार्यक्रमहरू समावेश गर्ने ।<br>३. समाजमा प्रचलनमा रहेका हानिकारक अभ्यासका कारण हिंसा, विभेद तथा अन्यायमा परेकाहरूलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने र सञ्चालनमा रहेको एकद्वार संकट व्यवस्थापन केन्द्रको सुदृढीकरण |

| क्र.सं. | निकाय | भूमिका |
|---|---|---|
| | | गर्ने ।<br>४. जीवनचक्रको अवधारणा अनुरूप सबै उमेर समूहका नागरिकको स्वास्थ्य आवश्यकतालाई सम्बोधन गरी मातृ शिशु, बालबालिका र किशोर किशोरीको सर्वाङ्गीण विकास र परिवार व्यवस्थापन सेवालाई थप सुधार गर्ने ।<br>५. लैङ्गिकमैत्री स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्ने । |
| ४. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | १. संघ, प्रदेश तथा स्थानीय तहमा कुरीति विरूद्धका पाठ्यसामग्रीहरू अध्ययन, अध्यापन गराउने।<br>२. पाठ्यपुस्तकमा अनिवार्यरूपमा हानिकारक अभ्यास (बालविवाह, मर्यादित महिनावारी व्यवस्थापन, दाइजो प्रथाका नकारात्मक असर, मानव बेचविखन तथा ओसारपसार विरूद्धका विषयहरू) सम्बन्धी बिषयहरू पाठ्यक्रममा समावेश गर्ने ।<br>३. कक्षा ६ देखि माथिका सबै कक्षाका विद्यार्थीलाई बाल विवाह, दाईजो प्रथा, बोक्सा बोक्सी लगायतका विषयहरूमा बोल्न लेख्न (वादविवाद प्रतियोगिता, निबन्ध तथा लेख लेख्ने) सिकाउने व्यवस्था गर्ने ।<br>४. **Good Touch, Bad Touch,** आत्मसम्मान, असल/खराब कार्य, आत्मसुरक्षा र जीवनोपयोगी शिक्षाका विषयहरू पाठ्यक्रम समावेश गर्नुका साथै ती विषयमा अभ्यास गराउने । |
| ५. | गृह मन्त्रालय | १. लैङ्गिक हिंसा अन्त्य गर्न मातहतका निकायहरूलाई प्रभावकारी रूपमा परिचालन गर्ने ।<br>२. हिंसाका घटनालाई निरूत्साहित गर्दै यसको अन्त्यका लागि सामाजिक सचेतनाका कार्यक्रम निरन्तर रूपमा |

| क्र.सं. | निकाय | भूमिका |
|---|---|---|
| | | सञ्चालन गर्ने ।<br>३. अनुसन्धान प्रणालीलाई लैङ्गिकमैत्री तथा पीडितमैत्री बनाउने ।<br>४. हिंसा र अपराधको विषयमा शून्य शहनशीलताको नीति अवलम्बन गरी संवेदनशील भई कार्य गर्ने गराउने ।<br>५. जुनसुकै प्रकारका लैङ्गिक हिंसा तथा महिलामाथि हुने हिंसालाई निरूत्साहित गर्ने र कानूनी राज्यको प्रत्याभूत गराउने ।<br>६. हिंसा, विभेद र कुरीति सम्बन्धी विषयका उजुरी तथा जाहेरीहरूलाई प्राथमिकतामा राखी सम्बोधन हुने व्यवस्था मिलाउने । |
| ६. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १. यस कार्ययोजनासंग स्थानीय तहको नीति, योजना तथा कार्यक्रम आबद्ध गरी कार्यान्वयन गर्न सहयोग, समन्वय, र सहजीकरण गर्ने ।<br>२. सबै स्थानीय तहमा सामाजिक रूपान्तरण र आर्थिक सशक्तीकरणका विषयहरूमा तालिम तथा सिकाईहरू सञ्चालन गर्न सहयोग र समन्वय गर्ने ।<br>३. लैङ्गिक हिंसा विरूद्ध स्थानीय तहमा सामाजिक सचेतना अभियान सञ्चालनका लागि आवश्यक समन्वय र सहयोग गर्ने । |
| ७. | युवा तथा खेलकूद मन्त्रालय | १. युवा सूचना केन्द्र मार्फत समाजमा विद्यमान हानिकारक अभ्यासका सम्बन्धमा सचेतना सम्बन्धी सामग्रीहरूको उत्पादन तथा प्रसारणका लागि आवश्यक सहयोग र समन्वय गर्ने ।<br>२. हानिकारक प्रथा, प्रचलनलाई परिवर्तन गर्न, सामाजिक रूपान्तरण र आर्थिक सशक्तीकरणका लागि युवाहरूको |

| क्र.सं. | निकाय | भूमिका |
|---|---|---|
| | | परिचालन गर्ने ।<br>३. शारीरिक, मानसिक तथा बौद्धिक विकासका खेलकुद, शारीरिक व्यायाम तथा साहसिक खेलहरूलाई बालिका, किशोरी तथा महिला मैत्री बनाउने ।<br>४. आत्मरक्षाका लागि खेलकुदमा महिला, किशोरी तथा बालिकालाई सहभागी गराउने । |
| ८. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १. समाजमा प्रचलनमा रहेका हानिकारक अभ्यासका कारणबाट घटित लैङ्गिक हिंसा, बालविवाह, दाईजो प्रथा, अनमेल विवाह, छाउपडी प्रथा, मानव बेचविखन तथा ओसारपसारका घटनाहरू, बोक्सीको आरोप जस्ता कुरीतिको रोकथाम तथा नियन्त्रणमा सम्बन्धित कानूनहरूको व्यापक रूपले सामाजिकीकरण गराउँदै निरन्तर रूपमा स्थानीय तहसम्म वहस, पैरवी र अन्तरक्रिया गर्ने गराउने ।<br>२. सामाजिक न्याय र समानता कायम गराउने कानून तथा नीति निर्माणमा हानिकारक अभ्यास विरूद्धका प्रावधानलाई समावेश गर्ने र आवश्यकता अनुसार नयाँ कानूनको तर्जुमा र विध्यमान कानूनको संशोधन गर्ने।<br>३. हानिकारक अभ्यास विरूद्ध स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्ने गराउने ।<br>४. हानिकारक अभ्यासको कारण पीडितलाई कानूनी सहायता र उचित क्षतिपूर्तिको व्यवस्था मिलाउने । |
| ९. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | १. पीडितको गोपनियता, गम्भीरता, संवेदनशीलतामा विशेष ध्यान दिँदै समाजमा प्रचलनमा रहेका लैङ्गिक हिंसा विरूद्ध निरन्तर सामाजिक सचेतनामूलक सन्देश |

| क्र.सं. | निकाय | भूमिका |
| --- | --- | --- |
| | | उत्पादन तथा प्रशारण गर्ने ।<br>२. विभिन्न छापा तथा विद्युतीय सञ्चार माध्यमहरूलाई प्रशारणा लागि चेतनामूलक सामग्री उपलब्ध गराउने।<br>३. विभिन्न सञ्चार माध्यमहरूलाई लैंगिक हिंसाविरुद्ध सहयोग पुग्ने समाचार तथा अन्य सामाग्री प्रकाशन/प्रशारण गर्न अनुरोध गर्ने ।<br>४. लोक कल्याणकारी बिज्ञापन प्रशारण/प्रकाशनमा लैंगिक हिंसा विरुद्धका चेतनामूलक विषयहरू समावेश गर्ने गरी प्रकाशन/प्रशारण गर्ने ।<br>५. सबै सरकारी एवम् निजी क्षेत्रबाट सञ्चालित छापा एवम् विद्युतिय सञ्चार माध्यमहरूलाई लैंगिक हिंसालाई प्रत्यक्ष वा परोक्ष रुपमा दुरुत्साहन गर्ने कार्यक्रम निर्माण एवम् प्रशारण/प्रकाशन सम्बन्धी सचेतनामूलक कार्यक्रम गर्ने । |
| १०. | राष्ट्रिय योजना आयोग | १. दिगो विकासका लक्ष्य नं. ५.३ अनुसार लैङ्गिक हिंसा अन्त्य गर्ने (बालविवाह, बहुविवाह, छाउपडी, बोक्सीको आरोप) लक्षमा भएको उपलब्धिका सम्बन्धमा राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रतिवेदन लिने ।<br>२. संघ तथा प्रदेशका सबै मन्त्रालयहरूले नीति, आवधिक योजना तथा कानून निर्माण गर्दा लैंगिक हिंसाको मुद्दालाई सम्बोधन गर्ने गरी तर्जुमा गर्न मार्ग दर्शन दिने ।<br>३. मन्त्रालस्तरीय विकास समस्या समाधान समिति तथा राष्ट्रिय विकास समस्या समाधान समितिका बैठकहरूमा लैंगिक हिंसा विरुद्धका ऐन, नीति तथा कार्यक्रमको कार्यान्वयनको प्रगति स्थितिको समीक्षा गर्ने परिपाटी |

| क्र.सं. | निकाय | भूमिका |
|---|---|---|
| | | बसाल्ने । |
| ११. | राष्ट्रिय महिला आयोग | १. महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरूद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने ।<br>२. लैङ्गिक हिंसा विरूद्धको सहायता सम्पर्क नम्बर ११४५ (ट्रोल फ्रि नम्बर) लाई सबै स्थानीय तहको पहुँचमा पुऱ्याएर सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।<br>३. मर्यादित, स्वच्छ र स्वस्थ्य कार्य वातावरणको निर्माण गर्ने गराउने ।<br>४. हानिकारक अभ्यास, हानिकारक प्रथा र परम्पराबाट समाजमा महिला, बालिका तथा किशोरीहरूमाथि शोषण, अन्याय र विभेद भएमा सो सम्बन्धमा अनुगमन गरी सरकारका सम्बन्धित निकायमा उद्धार, राहत तथा संरक्षणका लागि सिफारिस गर्ने ।<br>५. लैङ्गिक हिंसा, घरेलु हिंसा, बलात्कार, यौनजन्य हिंसाको उजुरी प्राप्त भएमा तत्काल उद्धार, राहत तथा मनोसामाजिक परामर्श/विमर्श सेवा प्रदान गर्ने/ गराउने। |
| १२. | महान्यायाधिवक्ताको कार्यालय | १. विद्यमान लैङ्गिक हिंसा विरूद्धका मुद्दाहरूमा सरकारी वकिल कार्यालयका कर्मचारीहरूको क्षमता बृद्धि गर्ने।<br>२. लैङ्गिक हिंसा, हानिकारक प्रथा, परम्परा सम्बन्धी मुद्दाको अनुसन्धान, अभियोजन, बहस, पैरवी प्रतिरक्षा कार्य प्राथमिकताका साथ गर्ने । |

| क्र.सं. | निकाय | भूमिका |
|---|---|---|
| १३. | विकास साझेदार | १. लैङ्गिक हिंसा निवारणका लागि तीन तहका सरकारले गरेका प्रयासहरूका लागि आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने/गराउने तथा सहजीकरण गर्ने ।<br>२. लैङ्गिक हिंसा निवारणका लागि निरन्तर सचेतना वृद्धि गर्ने ।<br>३. आफ्नो वा आफूसंग सम्बन्धित कार्यालयहरूमा लैङ्गिक हिंसा विरुद्ध शून्य शहनशीलताको नीति लिने । |
| १४. | गैर सरकारी संस्था | १. स्थानीय सरकारसँगको समन्वयमा लैङ्गिक हिंसा विरुद्ध सामाजिक सचेतना अभिवृद्धि गर्ने ।<br>२. सामाजिक रूपान्तरणका लागि महिलाहरूको आर्थिक सशक्तीकरणमा सहयोग गर्ने ।<br>३. समाजमा विद्यमान सकारात्मक प्रचलन र अभ्यासको अभिलेखीकरण गर्ने र प्रचार प्रसार गर्ने ।<br>४. पीडित तथा प्रभावितहरूलाई उद्धार, राहत, पुनर्स्थापना, कानूनी सहायता, मनोसामाजिक परामर्श आदिमा सहयोग गर्ने गराउने । |
| १५. | नीजि क्षेत्र | १. सबै प्रकारका हिंसा विरूद्ध सरकारका अभियानहरूमा साथ र सहयोग दिने ।<br>२. लैंगिक हिंसा विरुद्धका कार्यक्रमहरूलाई आफ्ना नीति, योजना, बजेट तथा कार्यक्रममा आबद्ध गर्दै आन्तरिकीकरण गर्ने ।<br>३. सामाजिक उत्तरदायित्व निर्वाह गर्दै लैंगिक हिंसा विरुद्धका प्रयासमा आर्थिक सहयोग मार्फत सहजीकरण गर्ने । |
| १६. | नागरिक समाज | १. लैङ्गिक हिंसा विरूद्ध सामाजिक जागरण ल्याउन पैरवी र सचेतनाका कार्यक्रम सञ्चालन गर्ने । |

| क्र.सं. | निकाय | भूमिका |
|---|---|---|
| | | २. हानिकारक अभ्यास, सामजिक कुरीति र प्रचलनको जोखिममा रहेको समाजलाई लक्षित गरी कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>३. लैङ्गिक हिंसा अन्त्य गर्ने प्रयासमा सरकार, विकासका साझेदार, नीजि क्षेत्र, गैर सरकारी संस्थासँग सहकार्य गर्ने । |